नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका　日本初ネパール語の新聞　First Nepalese Newspaper in Japan

Across · No.1 TRAVEL BY HIS

WORLDWIDE DISCOUNTED AIR TICKET BOOKING

KATHMANDU

CATHAY PACIFIC (NARITA)
¥40,000~ (ONE WAY)
¥65,000~ (2 MONTH FIX)
¥77,500~ (2 MONTH FIX OPEN)

CATHAY PACIFIC (HANEDA)
¥44,000~ (ONE WAY)
¥67,000~ (2 MONTH FIX)
¥88,000~ (2 MONTH FIX OPEN)

CHINA EASTERN AIRLINES
¥22,500~ (6 MONTH FIX OPEN)
¥20,300~ (ONE WAY)

CHINA SOUTHERN AIRLINES
¥68,300~ (3 MONTH FIX OPEN)
¥46,000~ (ONE WAY)

THAI AIRWAYS
¥80,000~ (2 MONTH FIX)

MALAYSIAN AIRLINES (NARITA)
¥1,00,000~ (2 MONTH FIX OPEN)
¥85,000~ (ONE MONTHS FIX OPEN)
¥64,000~ (ONE WAY)
(FUEL SURCHARGE INCLUDED)

ETIHAD AIRWAYS
¥55,000~ (35 DAYS FIX)

QATAR AIRWAYS (HANEDA)
¥47,200~ (35 DAYS FIX OPEN)

AIR INDIA
¥61,000~ (1 MONTH FIX OPEN)
¥66,000~ (3 MONTH FIX OPEN)
¥42,000~ (ONE WAY)

KOREAN AIRLINES
¥46,000~ (1 MONTH FIX OPEN)
¥62,000~ (3 MONTH FIX OPEN)

SINGAPORE AIRLINES ¥80,000~ (1 MONTH FIX OPEN)

"माथि उल्लेखित मूल्यमा इन्धन शुल्क र एयरपोर्ट कर समावेश गरिएको छैन"

जापानबाट नेपाल जाने आउने टिकट सस्तो मूल्यमा, भरपर्दो माध्यमबाट पाउनका लागि हामीलाई सम्झनुहोस् ।

विस्तृत जानकारीको लागि
Anil Pradhan | Sanjay Shrestha
080-4794-4065 (SB)
03-6871-9261

Business Hour
【Mon.-Fri.】 10:00-19:00 【Sat./Sun. national holiday】 11:00-18:00

his552d@his-world.com
http://www.no1-travel.com

वर्ष १०, अंक ७, २०७४ पुस १७-३०, मूल्य : १०० येन　　Vol. 10, No. 7, Jan. 1-15, 2018, Price : ¥ 100

नेपाली समाचार पत्रिकाको पाठकलाई

नेपाल जाने आउने हवाई टिकट उपहार

❑ नेस डेस्क

काठमाडौं - टोकियो - जापानको नेपाली समुदायलाई लक्षित गरी विगत लामो समयदेखि प्रकाशन हुँदै आएको नेपाली समाचारका वार्षिक ग्राहक बन्ने भाग्यमानी पाठकलाई नेपाल जाने आउने हवाई टिकट उपहार प्रदान गरिने भएको छ ।

जापानमा प्रकाशित हुँदै आएको एक मात्र र पहिलो नेपाली भाषाको पत्रिका नेपाली समाचारको वार्षिक ग्राहक बन्ने पाठकलाई हवाई टिकट उपहार योजना बजारमा ल्याईएको प्रकाशक संस्था जिएमटी इन्टर्नेशनल कम्पनीका प्रवन्ध निर्देशक डा. भूपालमान श्रेष्ठले बताउनुभयो ।

नयाँ वर्षको उपलक्ष्यमा बजारमा ल्याईएको उक्त उपहार योजना यही जनवरी १५ देखि मार्च १४ सम्म दुई महिनाको अवधिमा वार्षिक ग्राहक बन्ने पाठकहरूको हकमा लागु हुने बताईएको छ । उक्त अवधिमा वार्षिक ग्राहक बनेका पाठकहरू मध्यबाट भाग्यमानी १ जनालाई उक्त उपहार प्रदान गरिने भएको छ । वार्षिक ग्राहक बनेबापत पाठकलाई घरघरमै हुलाकबाट पत्रिका पठाईने गरिएको छ । पत्रिका निःशुल्क भएपनि हुलाक खर्चबापत वार्षिक ग्राहक शुल्क ५ हजार येन रहेको छ ।

उक्त उपहार योजना जापानमा लामो समयदेखि हवाई टिकेटिङ सेवामा क्रियाशील नम्वर वन ट्राभलले प्रायोजन गरेको हो । यसका साथै सो ट्राभलमार्फत नेपाल जाने नेपाली समाचारका वार्षिक ग्राहक बनेका हरेक पाठकलाई त्रिभुवन विमानस्थलदेखि उपत्यकाभित्रका गन्तब्यसम्म निःशुल्क यातायातको सुबिधा उपलब्ध गराउने नम्वर वन ट्राभलका कार्यकारी निर्देशक रञ्जन दासले नेपाली समाचारलाई बताउनुभयो ।

सन् १९९९ को फेब्रुअरी महिनादेखि जापानमा नेपाली समाचार निरन्तर प्रकाशित हुँदै आईरहेको छ । राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ यस पत्रिकाका संस्थापक

»» बाँकी पृष्ठ ७ मा

"नेपालीका लागि नेपालीबाटै"
फुदोसान, हाकेन र इन्टरनेट लगायतका सेवाहरु
कोठा तथा रेष्टुरेन्ट चाहिएमा
जापानका विभिन्न ठाउँमा काम चाहिएमा
(पार्ट टाइम तथा फुल टाइम, स्युस्योकुको लागि)
इन्टरनेट जडान गर्नु परेमा
(विभिन्न उपहारका साथमा)
SoftBank
कम्प्यूटर चाहिएमा
(नयाँ तथा पुराना विभिन्न मोडलहरुमा)
सित्तैमा सफ्टबैंकको मोबाईल चाहिएमा
(नयाँ सिम सहितको सफ्टबैंकको मोबाईल सेटहरू सित्तैमा उपलब्ध गराईन्छ)
सिन्जुकु, इकेबुकुरो, सिनओकुवो, ताकादानोबावा, नाकानो, कोयन्जी, कामाता, कोइवा, ग्योतोकु, गोतान्दा, आसागाया, साइतामा, चिवा, खानागावा, लगायत अन्य ठाउँहरु
GLOBAL HOME NETWORK
Global Home Network Co., Ltd.
Tokyo-To, Shinjuku-Ku, Hyakunin-Cho 1-17-5, Mezon Ogura 305
*1 minute walk from Okubo Station (Between Shinokubo & Okubo Station)
Phone: 03-5937-6958 Fax: 03-5937-6959
Mobile: 080-6527-7429 (Paudel)
080-3898-4321 (Thapa)
080-4117-7479 (Gurung)
080-4156-7479 (GM)
URL: globalhomejapan.com
E-mail: shiva_pkr@globalhomejapan.com
विशेषताहरू:
- अति नै सस्तो किमनी भएको कोठा तथा इनुकी रेष्टुरेन्टहरु
- पायक पर्ने उपयुक्त ठाउँहरु
- ग्यारेन्टरको झन्जट नहुने
- छिटो र छरितो

IME International Money Express
Fast, Reliable And Secure Remittance
क्योदाइ आईएमई मार्फत् नेपाल आईएमई गरौं
बोनस प्वाईन्ट प्राप्त गरी आकर्षक उपहारमा रमाऔं।
यस योजना अन्तर्गत सेवाग्राहीहरुले प्रत्येक कारोबारमा निश्चित बोनस प्वाईन्ट प्राप्त गरी लक्की ड्र मार्फत् बम्पर उपहारस्वरुप नेपाल राउण्ड ट्रिप टिकट साथै विभिन्न आकर्षक पुरस्कार जित्ने मौका पाउनुहुनेछ। यो योजना २० सेप्टेम्बरदेखि ३१ मार्चसम्म लागू हुनेछ ।
ime गरौं
Dileep Raj Pandit:
080-3489-2299, 070-1509-4928
nepal@kyodai.co.jp
03-6868-7971　03-6908-7891
facebook.com/kyodairemittance-ime

अन्तर्वार्ता

सरकार गठन अघि नै पार्टी एकता

अग्नी सापकोटा

»» बाँकी पृष्ठ ६ मा

प्रम आवे पूर्वी यूरोप भ्रमणमा

❑ नेस संवाददाता

टोकियो - जापानका प्रधानमन्त्री सिन्जो आवे बाल्टिक क्षेत्रका ३ वटा र पूर्वी युरोपियनका ३ वटा देशहरूको छ दिने औपचारिक भ्रमणका लागि निस्किएका छन् । यी देशको भ्रमण गर्ने जापानी प्रधानमन्त्रीमा आवे पहिलो रहेका छन् ।

शुक्रबार बिहान जापानको हानेदा अन्तर ाष्ट्रिय विमानस्थलबाट निस्केका आवेको भ्रमणको

»» बाँकी पृष्ठ ४ मा

विशेष छुटको ब्यवस्था

उच्च गुणस्तरको, तन्दुर तथा विभिन्न मसलाहरू चाहिएमा अथवा रेष्टुरेन्टलाई आवश्यक पर्ने विभिन्न सामग्रीहरूका लागी हामीलाई सम्झनुहोस् ।
जापानमा तन्दुर तथा मसलाहरुको पहिलो थोक विक्रेता
सम्पर्क:
NAMASTE BOUEKI
Namaste Boueki Building, 3375 Nakashima, Shikamaku, Himeji-Shi, Hyogo, 672-8035
TEL: 079-231-4343
MOB: 080-5343-6366 FAX: 079-231-4344

No.1 TRAVEL We go the extra mile for you SHIBUYA BRANCH
हवाई-टिकटका लागि स्वर्णिम अवसर
"नम्बर वन ट्राभल"
बिशेष छुटसहित भरपर्दो हवाईयात्राका लागि सँधै नम्वर वन ट्राभललाई सम्झनुहोला ।
KAMATA OFFICE NEW OPEN
✔ अन्यत्र भन्दा सुपथमूल्यमा हवाई टिकटको ग्यारेन्टी

काठमाण्डौ	आउने-जाने
३७,००० येन	छ महिना ओपन चाइना एयर
६०,००० येन	एक महिना ओपन कोरियन एयर
६२,००० येन	एक महिना फिक्स थाई एयर
६३,००० येन	एक महिना ओपन मलेशियन एयर
६३,००० येन	तिन महिना ओपन क्याथे ड्रागन

/no1travelshibuya
〒150-0043 Shibuya Ku, Dougenzaka 1-20-1 Osawa Bld. 6F, Tokyo, Japan
Sujan: 080-4142-4740 (SB, Viber)
Sagar: 070-1202-7068 (SB, Viber)
Indra : 080-4142-4741 (SB, Viber) (KAWASAKI)
Shibuya Office: 03-3770-1381　Kamata Office: 03-6424-5031
"माथि उल्लेख गरिएका भाडामा एयरपोर्ट दस्तुर र इन्धन मूल्य समावेश गरिएको छैन"

कोठा तथा इन्टरनेटका लागि
जापानभरी नै सेवा उपलब्ध छ

१ मान ५ हजार क्यास ब्याक अथवा आकर्षक कम्प्यूटर उपहार पाउनुहोस् ।
तपाईलाई आवश्यक परेको ठाउँमा आकर्षक र सस्तो कोठाहरू उपलब्ध गराईन्छ ।
ADVANCE LIFE CO., LTD.
169-0075, Tokyo, Shinjuku-Ku, Takadanobaba 2-19-7, Tak Eleven Takadanobaba Room No. 1001
TEL: 03-6380-3175 FAX: 03-6380-3176
Fukuda: 080-3159-3298 (SB), 090-4097-8715 (Docomo) Mobile: Sapkota: 090-2979-2787

स समुद्रपारि　क्षणभरमै संसारभरि सूचना र सञ्चारका लागि समुद्रपारि डट कम　www.samudrapari.com

Published By:
GMT International Co., Ltd.

Tilak Malla
Chairman

Bhushan Ghimire
Editor

Dr. Bhupal Man Shrestha
Managing Director

2-14-4 (1F) Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel & Fax: 03-5937-5314
Email: nepalisamchar@gmail.com, samudraparinews@gmail.com
http://www.samudrapari.com, http://www.gmt-intl.com

सम्पादकीय

अबको वामपन्थीमार्ग र जनअपेक्षा

हालै सम्पन्न निर्वाचनमार्फत नेपाली जनताले राजनीतिक स्थिरतामार्फत विकास र समृद्धिका लागि वामपन्थीमार्ग रोजेका छन् । राजनीतिक आन्दोलनका नाममा राजतन्त्र, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र लगायतका शब्दावलीमा मात्र परिवर्तन हुने राज्य व्यवस्थाले प्रत्यक्ष रूपमा जनताका दैनिक जीवनमा अनुभूत हुने गरी परिवर्तन हुन नसक्दा दशकौंदेखिका उनीहरूको अपेक्षा चुलिएका छन् ।

नेपालको राजनीतिक इतिहासमा पटक पटक स्पष्ट र दुई तिहाई बहुमत पाएर पनि नेपाली काँग्रेसबाट जनताका आशा र अपेक्षा परिपूर्ति हुन नसकेको ठहर गर्दै नेपाली जनताले यसपाली वामपन्थी दलहरूलाई राज्य सञ्चालनको जिम्मेवारी दिएका छन् ।

वामपन्थी चुनावी गठबन्धन र त्यसले प्राप्त गरेको अनुमोदनका कारण माओवादी केन्द्र र एमालेबीचको पार्टी एकता अनेकौं आशंका र जटिलताको वीचमा पनि अनिवार्य जस्तै भएको छ । यी दुई ठूला कम्युनिष्ट पार्टीका नेताहरूको व्यवस्थापन यतिबेला नेपाली राजनीतिको सबैभन्दा पेचिलो र चासोको विषय बनेको छ । नेता र नीति व्यवस्थापनको विषय मिल्न नसकेर कतै यो पार्टी एकता नै धरापमा पर्ने त होइन भन्ने आशंका पनि नभएका होइनन् ।

बहुदलीय प्रतिष्पर्धा स्वीकार गरेर आफैले जारी गरेको संविधानबाट समृद्धि सम्भव छ र यसका लागि बहुमत प्राप्त स्थिर सरकार बनाउने प्रमुख मुद्दा मिलेपछि एकैठाउँमा उभिन आईपुगेका यी दुई दल आग्रह पूर्वाग्रहबाट माथि उठेर पार्टी एकता सहित पाँच बर्षका लागि स्थिर सरकार दिन सक्नुपर्दछ । अनि मात्र जनताको वाम सरकार र यसले ल्याउने अपेक्षा गरिएको विकास र परिवर्तनको ठोस परिक्षण समेत हुनेछ । वाम सरकार आम नेपाली जनताको पक्षधर एवं प्रतिनिधिमुलक सरकार पनि हो । त्यसकारण संविधानमा उल्लेख गरिएको समाजबाद उन्मुख अर्थ राज्यव्यवस्थाको बलियो जग बसाउने यतिबेला उपयुक्त अवसर पनि हो ।

नेपालका वाम शक्तिहरूले नेपाली जनता समक्ष विकास र समृद्धिको सपना धेरै बाँडेका छन् । अहिलेसम्म अस्थिर सरकार भएकाले गर्न सकिएन भन्दै उम्किने आधार थियो, तर अब त्यो छुट उनीहरूलाई पटक्कै हुने छैन । अब विकास र समृद्धिको काम नगरी उनीहरूलाई सुखै छैन । जनताले प्रत्यक्ष अनुभूति गर्न पाउने गरी विकास निर्माणका काम र मुलुकको समृद्धिको लागि ठोस कदम चाल्नैपर्ने छ । भाषणमा मात्रै सम्भावना देख्ने वाम नेतृत्व समक्ष अब काम गरेर देखाउने बेला आएको छ । यदि यो अवसर उनीहरूले गुमाए भने फेरि यस्तो अर्को अवसर पाउने संभावना रहने छैन । तसर्थ सम्बन्धित सबैपक्षसंग असल सम्बन्ध कायम गरी सबैको सहयोग र सहकार्यमा जनअपेक्षा अनुसार विकास, शान्ति र समृद्धिको क्षेत्रमा देखिने गरि ठोस काम गरेर देखाउनुपर्ने वाम सरकारसामु अनिवार्य सर्त छ ।

वाम एकता : एउटा एकालाप

विचार

झलक सुवेदी

एकताको मुख्य प्रश्न भने अहिले पनि दुईतिरका नेता तथा कार्यकर्ता व्यवस्थापनको हो । कसरी सबैलाई उचित स्थान र मान दिलाउने तथा सबैको ऊर्जाको उपयोग गर्ने बाटो खुला गर्ने भन्ने प्रश्न निरूपण नगरी एकता गर्दा यसले नोक्सान मात्र ल्याउन सक्छ ।

एमाले र र माओवादी केन्द्र पार्टी एकताका लागि संवाद र छलफल प्रक्रियामा छन् । गत १७ असोजमा सबैलाई आश्चर्यमा पार्दै उनीहरूले वाम गठबन्धनको घोषणा गरेका थिए । यस्तो गठबन्धनको घोषणासँगै कतिपय साना वामपन्थी दल एमाले या माओवादीसँग मिल्न गए, कतिपयले निर्वाचनमा गठबन्धन बनाएर लडे । एमाले र माओवादीले पार्टी एकता गरेर जान केही समय नपुगेको र प्राविधिक अप्ठेरो रहेको भन्दै एउटै घोषणापत्र र साझा उम्मेदवार लिएर निर्वाचनमा गए । निर्वाचनका क्रममा एमाले र माओवादी दुवै पक्षका नेता तथा कार्यकर्ताले आफ्ना समर्थक शुभचिन्तक र मतदाता सबैसँग आफूहरू निर्वाचनपछि एउटै दलका रूपमा आउन लागेको बताउँदै मत मागेका थिए । वास्तवमा उनीहरूले निर्वाचनमा पाएको जनमत पाँच वर्ष सरकार बनाउन मात्र थिएन, एकीकृत पार्टी बनाउन पनि थियो । निर्वाचनपछिको एक महिना बितिसकेको छ । पहिलो आधा महिना मतपरिणाम र जितको उल्लासमा बितेको भए पनि बिस्तारै पार्टी एकताको बहसले स्थान बनाउँदै गएको छ । दुवै दललाई एकताका लागि जनस्तरको दबाब पनि महसुस भएको हुनुपर्छ । यो एकताको सम्भावित चित्रका सम्बन्धमा यहाँ चर्चा गर्न लागिएको हो ।

सतहमा आएका कुरालाई आधार बनाउँदा यी दलबीचको एकताको घोषणा नयाँ र अपत्यारिलो देखिए पनि यसका लागि प्रयास भने कमसेकम दश वर्षदेखि जारी थियो । यसबीच एकताका लागि प्रयासमा सामेल रहेका नेताहरूको भनाइअनुसार यस्तो एकताको पहल ०६३ देखि नै भएको थियो । त्यही सेरोफेरोमा एमालेको केन्द्रीय कमिटीले निर्णय नै गरेर एकताको पहल गरेको थियो, जुन निर्णय डकुमेन्टेड पनि छ । ०६४ को निर्वाचनमा पनि संयुक्त रूपले जान प्रयास हुँदाहुँदै पनि असफल भएको थियो । यस्तो प्रयास प्रचण्डको पहिलो प्रधानमन्त्री कालमा पनि र केपी ओली प्रधानमन्त्री बन्ने वातावरण बनाउँदा पनि भएको थियो । सार्वजनिक रूपमा अलि नपत्याइने गरी ओलीको सरकार ढलेसँगै बाहिरफेर आरोप प्रत्यारोप चलिरहे पनि भित्रभित्र भने वार्ता चलिरहेकै थियो । स्थानीय तहको निर्वाचनमा सहकार्य गर्ने प्रयास निकै अघि बढेको भए पनि माओवादीले कांग्रेसको समर्थनमा सरकारको नेतृत्व गरिरहेको सन्दर्भले असफल भयो । वार्ता भने रोकिएन ।

पछिल्लो समयमा यस्तो वार्ता मुख्य गरी केपी ओली र प्रचण्डकै बीचमा सघन रूपमा भएको थियो भने सहयोगीका रूपमा वामदेव गौतम, विष्णु पौडेल र जनार्दन शर्माले भूमिका खेलेका थिए । वामदेव गौतम र विष्णु पौडेल नै माओवादी खुला भएर आइसकेपछि दुवै पार्टी मिलेर जानु उपयुक्त हुन्छ भनेर अग्रसर भएका थिए । यसैले अहिले जे जस्तो एकताको प्रयास भइरहेको छ, यो भित्रबाट हेर्दा कुनै नयाँ र आकस्मिक प्रयास थिएन । यस्तो आकस्मिकता नभएको भए यी दलको एकता त परको कुरा निर्वाचनमा गठबन्धन बनाउन पनि असम्भव बनाइन सक्थ्यो । निर्वाचनपछि अहिले भइरहेका आन्तरिक तथा बाह्य चलखेललाई हेर्दा पनि त्यस्तो अनुमान लगाउन गाह्रो छैन । तर, वामपन्थी दलका पक्षधर जनतामा भने यो एकता या गठबन्धनको घोषणाले निकै उत्साह थपेको थियो । निर्वाचन परिणामले पनि यसलाई पुष्टि गरिसकेको छ । अब यी दलले आफैलाई एउटा व्यूहरचनाभित्र पारिसकेका छन्, जसले उनीहरूलाई एकताबाट भाग्ने छुट दिँदैन । कमसेकम जनतासँग फर्केर कुरा गर्ने नैतिक बल कायम राख्न पनि एकता गर्नुको विकल्प छैन ।

कम्युनिस्ट पार्टीहरूबीचका यावत् विभाजन र एकता हुँदा सँधैजसो विचारधारात्मक प्रश्नको घेरा लागिरहन्छ । कहिलेकाहीं व्यक्तित्वका टकराव र नेतृत्वका प्रश्नमा विभाजित हुने गरे पनि विचारधारा नै विभाजनको मुख्य कारण बन्ने गरेको छ । एकीकृत कम्युनिस्ट पार्टीबाट रायमाझीको पलायन विचारधारात्मक थियो । यसैगरी तत्कालीन झापाली समूह, मुक्तिमोर्चा समूह, गण्डकी-धौलागिरि कम्युनिस्ट समूह आदि बनेको पनि विचारधारात्मक प्रश्नमै हो । माओवादी र एकता केन्द्रबीचको विभाजन पनि विचारधारात्मक कारणले नै भएको थियो । मोहन वैद्यहरूले प्रचण्डसँग गरेको बिद्रोह या विभाजन पनि विचारधारात्मक नै हो । अहिले दुई पार्टीबीचको एकता पनि विचारधारात्मक नै हो । यो भनेको अहिलेको लिबरल डेमोक्रेटिक फ्रेमभित्र जुन संवैधानिक राजनीतिक व्यवस्था छ, यसैभित्र बसेर समाजवादी कार्यक्रम लागू गर्ने प्रयासलाई गन्तव्य मान्न दुवै दल सहमत भएपछि यो एकता सम्भव भएको हो । निर्वाचनका समयमा जारी गरिएको घोषणापत्रले एक प्रकारले एकीकृत पार्टीको ‘रियल पोलिटिक्स’ मा स्थान निर्धारण गरिसकेको सन्दर्भमा अहिले अतिरिक्त सैद्धान्तिक बहसको कुनै सार्थकता भेट्न कठिन हुन्छ । केवल त्यस प्रकारको राजनीतिको नामकरण कसरी गर्दा आममतदातादेखि मार्क्सवाद या माओवाद या बहुदलीय जनवादको मन्त्रहरूबाट दीक्षित मतदाता र आमकार्यकर्तापंक्तिलाई निराश पार्दैन भन्नेसम्म अहिले चिन्ता गरे पुग्छ ।

केही समययता यस्तो वैचारिक प्रश्नको न्वारान कसरी गर्ने भन्ने प्रश्न अनौपचारिक फोरममा उठ्ने गरेको छ । एमाले नेता घनश्याम भुषाल र माओवादी नेता नारायणकाजी श्रेष्ठले यस्ता प्रश्नबारे मुख खोलेको पाईएको छ । घनश्यामजीले बहुदलीय जनवादको औचित्य सकिएको भन्दै अबको एकतापछि पार्टीको विचारधारात्मक झण्डाको नयाँ नामकरण गर्ने प्रस्ताव गर्नुभएको छ । माओवादी केन्द्रले माओवाद नछाड्दा एकता हुँदैन भन्ने प्रश्न पनि उठ्ने उठाउने गरिएको छ । माओवादीलाई पनि बहुदलीय जनवादलाई नै झण्डाको नाम मान्दा अवश्य असहज हुने होला । तर, यी दललाई बाहिरबाट नियाल्दा भने यस्ता बहसले खासै माने राख्छन् जस्तो लाग्दैन । यो एकतापछि बन्ने दलले मुख्य रूपमा अहिलेको बुर्जुवा लोकतान्त्रिक व्यवस्था र नेपालको संविधानका मुख्य सिद्धान्तलाई स्वीकार गरेर जानेछ भन्नेमा कसैको द्विविधा नहोला । यस्तो लोकतन्त्रभित्र कसरी वामपन्थी या समाजवादी कार्यक्रमको पक्षमा जनमत बनाउने, कसरी आमश्रमजीवी, किसान र सीमान्तीकरणमा परेका समुदायको अधिकार विस्तार गर्ने र वामपन्थी कार्यक्रम लागू गर्ने भन्ने विषयमा प्रस्ट हुन सके त्यो नै सबैभन्दा ठूलो उपलब्धि हुनेछ । बाँकी बहसहरू बहसका लागि मात्र हुन सक्छन् । यद्यपि, महाधिवेशनमा यस्ता बहसको निरूपण गर्ने प्रयास गर्नु उपयुक्त हुन्छ । अहिले नै कुनै विषयलाई फैसलाको तहमा लान खोज्नु हतार मात्र हुनेछ ।

एकताको मुख्य प्रश्न भने अहिले पनि दुईतिरका नेता तथा कार्यकर्ता व्यवस्थापनको हो । कसरी सबैलाई उचित स्थान र मान दिलाउने तथा सबैको ऊर्जाको उपयोग गर्ने बाटो खुला गर्ने भन्ने प्रश्न निरूपण नगरी एकता गर्दा यसले नोक्सान मात्र ल्याउन सक्छ । सबै नेता तथा कार्यकर्ताका आ-आफ्ना भूमिका छन् र केही न केही भूमिका र सक्रियता तथा योगदानका आधारमा नै तिनीहरू नेता वा कार्यकर्ता भएका हुन् भन्ने स्वीकार गर्नु र सबैलाई सम्मानजनक स्थान दिनु एकताका लागि ठूलै चुनौती हो । शतप्रतिशतको चित्त बुझ्दैन भने पनि अधिकांशको चित्त नबुझी एकता गर्दा त्यसले शक्ति क्षय हुन्छ । मुख्य समस्या भने ओलीले प्रधानमन्त्री बन्ने कुरा सबैले स्वीकार गरिसकेपछि प्रचण्डको स्थानको निर्धारणमा देखिन सक्छ । यसमा ओली र एमाले नेतृत्वले लचकता अपनाउनु आवश्यक छ । त्यसपछि पनि पार्टीका वरिष्ठ र दोस्रो तहका नेताहरूको व्यवस्थापन गर्नुपर्ने हुन्छ, जसलाई सरकार र पार्टीको जिम्मेवारी विभाजनका आधारमा हल गर्ने बाटो खुला छ । एकले अर्कोलाई सँगै हिंडाउने कि कसैको वर्चस्व स्थापित गर्न बल गर्ने भन्ने प्रश्नको मनोवैज्ञानिक हल नै एकताको सर्त हो । निर्वाचन भएको दुई महिनासम्म सरकार गठन गर्ने वैधानिकता नहुने अचम्मको संवैधानिक व्याख्याले आमनिराशा बढाएका वेला एमाले र माओवादीका कतिपय नेता एकतापछिको आफ्नो स्थान र हैसियतबारे चिन्ता प्रकट गर्दै बसेका भेटिन्छन् । दुईवटै दलका गरेर चार-चारजना पूर्वप्रधानमन्त्री, आधा दर्जनजति पार्टीका अध्यक्ष तथा महासचिव भइसकेका व्यक्तित्वहरू र थुप्रै थान उपप्रधानमन्त्रीसमेत रहेको दलमा सबैलाई चित्त बुझ्ने पद खोज्नु अवश्य पनि सजिलो छैन । तर, बृहत्तर राजनीतिक हित र जनता तथा देशसामु गरेका वाचा मुख्य मान्ने हो र निर्वाचनका समयमा जनतासमक्ष गरिएका प्रतिबद्धताको मूल्यको बेवास्ता नगर्ने हो भने व्यक्तिका अहंले एकताको बाटो छेक्न दिनु हुन्न भन्नेमा दुवै दलका मुख्य नेता सचेत छन् भनेर आशा गरौं ।

बाहिर जे जस्ता अभिव्यक्ति र हल्ला भए देखिए पनि यी दुई दलबीचको एकताको साँचो एमाले अध्यक्ष केपी ओली र माओवादी अध्यक्ष प्रचण्डका प्रतिबद्धतामा निहित छ । दुवै नेता आ-आफ्ना दलमा शक्तिशाली र निर्णायक छन् र उनीहरूका निर्णयमाथि सामान्यतया प्रश्न उठ्दैन । उनीहरू कस्तो पार्टी बनाउन चाहन्छन्, आफ्नो दलको भविष्य कसरी निश्चित गराउन चाहन्छन्, त्यसैमा यो सारा प्रक्रिया निहित छ । उनीहरूकै आँट र निर्णयले वामपन्थी गठबन्धनका पक्षमा भारी जनमत र संसदीय सिटको झण्डै दुईतिहाइ संख्या आएको छ । आफैले सिर्जना गरेको यो ऐतिहासिक अवसर संरक्षण गर्ने र दिगो बनाउने जिम्मेवारी पनि उनीहरूकै हुन्छ । जनताले त उनीहरूका वाचा, कसमलाई विश्वास गरेर उनीहरूको योजनालाई अनुमोदन गरिसकेका छन् । परीक्षा दिने पालोचाहिं ओली र प्रचण्डकै बाँकी छ ।

जापानको शरणार्थी नीतिमा व्यापक परिवर्तन

❑ नेस संवाददाता

टोकियो – जापानको न्याय मन्त्रालयले अवैधानिक शरणार्थीमा रोक लगाउनको लागि आवेदन दिएको ६ महिनापछि काम गर्न नपाउने व्यवस्था ल्याउने निर्णय गरेको छ । मन्त्रालयले हालै जारी गरेको एक विज्ञप्तीमा यही जनवरी १५ तारिख पछाडि अल्पकालिन तथा प्रशिक्षार्थी भिषाबाट शरणार्थीका आवेदकहरूलाई ४ समूहमा विभाजन गरिने बताइएको छ । आवेदन दिएको २ महिनाभित्र नै समूहमा विभाजन गरी समूह अनुसार काम गर्न नपाउने व्यवस्था गर्न लागिएको विज्ञप्तिमा उल्लेख छ ।

पहिलो समूहमा वास्तविक शरणार्थी हुन सक्ने संभावितहरू, दोस्रो समूहमा शरणार्थी बन्न सक्ने पर्याप्त र स्पष्ट आधार

नभएकाहरू, तेस्रो समूहमा एउटै कारण देखाइ पुनः आवेदन दिनेहरू र चौथो समूहमा अन्य गरी समूह विभाजन गरिने जनाएको छ ।

बिज्ञप्तीमा दोस्रो र तेस्रो समूहमा परेका आवेदकहरूलाई बस्ने तथा काम गर्ने अनुमति नदिई तुरुन्तै फिर्ता पठाउने प्रक्रिया गरिने जनाईएको छ ।

छोटो अवधिमा नै धेरै पैसा कमाउने लक्ष्य लिएर विद्यार्थी तथा प्रशिक्षार्थी भिषा त्यागेर नक्कली शरणार्थी बन्नेहरूलाई भने काम गर्ने अनुमति नै नदिने निर्णय गरिएको बताएको छ । पहिलो समूहको वास्तविक शरणार्थी हुन सक्ने संभावितहरूलाई भने काम गर्न अनुमति दिइने कुरा समाचारमा उल्लेख छ । २०१७ सालको १ देखि ९ महिनासम्म शरणार्थी आवेदकहरूको संख्या १४ हजार ४३ जना रहेको छ । अघिल्लो वर्षको तुलनामा १ दशमलव ८ प्रतिशतले वृद्धि भएको हो ।

अघिल्लो वर्षसम्म आवेदकहरूको आवेदनमाथि निर्णय हुन सरदर ९ दशमलव ९ महिना लागेको बताइएको छ । एक पटक अस्वीकृत भए पनि पुनः कारण परिवर्तन गरेर पुनरावेदन गर्नेहरु पनि रहेका छन् ।

आत्महत्या गर्नेमा जापान विश्वमै अग्रस्थानमा

❑ नेस संवाददाता

टोकियो – विश्वका शक्ति सम्पन्न राष्ट्र जि ७ मध्येमा सबैभन्दा बढी आत्महत्या दर भएको देशका रूपमा जापान देखिएको छ । यहाँ हरेक वर्ष कम्तीमा पनि २० हजारभन्दा बढिले आत्महत्या गर्ने गरेका छन् ।

आत्महत्या दर विश्वमा छैटौं र विश्वका प्रमुख औद्योगिक देशहरूमध्येमा दोस्रो उच्च स्थानमा रहेको सरकारले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

सरकारद्वारा जारी गरिएको प्रतिवेदन अनुसार सन् २०१५ मा गरिएको एक सर्वेक्षणमा जापानका प्रति एक लाख मानिसमा १८ जनाले आत्महत्या गर्ने गरेकोमा सन् २०१६ मा आउँदा प्रति एक लाख मानिसमा २१ जना जापानी नागरिकले आत्महत्या गरेको उल्लेख गरिएको छ । तर सन् २०१७ को भने तथ्याङ्क सार्वजनिक गरिएको छैन ।

सरकारले यो प्रतिशतलाई घटाएर आगामी सन् २०२५ सम्ममा प्रति एक लाखमा १३ जनामा मात्र सीमित गर्ने लक्ष सन् २०१५ मा नै ल्याएको थियो । जापानको मन्त्रिपरिषद्ले आत्महत्याको दर घटाउने विषयमा कार्ययोजना नै बनाएर कार्य गरेको छ । आगामी दश बर्षमा हालको आत्महत्या दरबाट ३० प्रतिशत घटाउने गरी सो कार्ययोजना बमोजिम कार्य भैरहेको सरकारले जनाएको छ ।

जापानमा पछिल्ला बर्षहरूमा आत्महत्याको संख्या विगतका केही बर्षदेखि घट्दै आएको छ । सन् २००३ मा जापानमा ३४ हजार ४ सय २७ जनाले आत्महत्या गरेका थिए । कार्ययोजनामा नागरिकको यो लतलाई के कसरी कम गर्न सकिन्छ भन्ने विषय समेटिएको मन्त्रिपरिषद्का प्रवक्ताले जनाएका छन् ।

जापानमा आत्महत्या दर १५ देखि ३९ वर्ष समूहमा उच्च रहेको पाइएको छ । २०१४ मा जापानको आत्महत्या दर प्रति एक लाखमा १९ दशमलव ५ जना रहेको थियो भने प्रमुख अर्थतन्त्र भएका देशहरूको सूची मध्ये पहिलो स्थानमा रहेको रूसमा २२ जनाले आत्महत्या गर्ने गरेको पाइएको छ ।

विश्वमा नै सर्वाधिक आत्महत्या दर लिथुवानियाको रहेको छ जहाँ आत्महत्या दर ३० दशमलव ८ जना प्रति एक लाख रहेको छ । लिथुवानियापछि दक्षिण कोरियाको २८ दशमलव ५ जना र सरिनेमको २४ दशमलव २ जना रहेको छ । महिलाको हकमा भने जापान ११ दशमलव ७ जनाका साथ तेस्रो स्थानमा रहेको छ भने पहिलो स्थानमा रहेको दक्षिण कोरियाको १७ दशमलव ३ जना र दोस्रो स्थानमा रहेको सरिनेमको १३ दशमलव ४ जना रहेको छ ।

दोस्रो विश्वयुद्ध यता जापानमा गत वर्ष सबैभन्दा कम विवाह

❑ नेस संवाददाता

टोकियो – दोस्रो विश्वयुद्धपछि जापानमा पहिलोपटक सबैभन्दा कम युवायुवतीले विबाह गरेका छन् ।

जापानको स्वास्थ्य, श्रम तथा कल्याण

मन्त्रालयले जनाएअनुसार सन् २०१७ को जनवरीदेखि अक्टोबरसम्म ६ लाख ७ हजार युवायुवतीले बिबाह गरेको र यो संख्या सन् २०१६ को यस अवधिभन्दा १३ हजारले कमी भएको जापानी सञ्चारमाध्यमले जनाएका छन् । त्यस्तै सन् २०१७ मा २ लाख १२ हजार जोडीले सम्बन्ध विच्छेद गरेका छन् । यो संख्या सन् २०१६ भन्दा ४ हजार ८ सयले कम रहेको छ, जुन बीस वर्ष यताकै सवैभन्दा न्यून रहेको मन्त्रालयले जनाएको छ ।

विवाहको संख्यामा कमी आउनुको कारणका रूपमा जन्मदरमा कमी आई वयस्कहरूको संख्या घट्दै जानु रहेको मन्त्रालयले जनाएको छ ।

विवाहका लागि युवाहरूलाई उत्प्रेरित गर्न समाजको क्रियाकलापमा परिवर्तन ल्याउनु आवश्यक रहेको जानकारहरू बताउँछन । यसका लागि शैक्षिक लागत, बालबालिकाको हेरचाह, विवाहका लागि विशेष सुविधा, मातृत्व हेरचाहका लागि महिलाहरूको काममा सीमितताका लागि थप व्यवसायिक प्रतिवद्धताको आवश्यकता रहेको औल्याएका छन् ।

मन्त्रालयका अनुसार विवाहप्रति वयस्कहरूको रूचि घट्नुमा संयुक्त बसाई 'लिभिङ टुगेदर' मुख्य कारण रहेकाले यसको सही व्यवस्थापन गरिनुपर्ने देखिन्छ । आधुनिक समाजमा वयस्कहरूले विवाह बिना नै बसाईलाई संयुक्त गर्नुलाई नराम्रो रूपमा हेर्न छोडिएकाले लिभिङ टुगेदर बढ्दै गएको मन्त्रालयको विश्वास छ । विवाह पश्चात पनि जापानमा महिलाहरूले चाँडै बच्चा जन्माउने प्रचलन कम हुँदै गएको बताईन्छ ।

विवाहप्रति रूचि घट्नुको अर्को मुख्य कारकका रूपमा कानुनी रूपमा विवाह नगरी सँगै बस्ने प्रचलन बढ्दै जानु रहेको मन्त्रालयको बुझाई छ ।

पर्वत समाज जापानको अध्यक्षमा सुजन जोशी

❑ नेस संवाददाता

टोकियो – पर्वत समाज जापानको नयाँ अध्यक्षमा सुजन जोशी निर्वाचित भएका छन् । हालै सम्पन्न पाँचौ अधिवेशनले जोशीको अध्यक्षतामा २७ सदस्यीय कार्यसमिति निर्विरोध रूपमा चयन गरेको हो ।

ब्यवसायी महेशकुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न अधिवेशनबाट समाजको उपाध्यक्षमा हरी पराजुली, सुवास लामिछाने र मुक्ति रेग्मीलाई निर्विरोध चयन गरेको छ भने महासचिवमा जनक सुबेदी र कोषाध्यक्षमा बसन्तकुमार जोशी चयन भएका छन् ।

त्यसैगरी अधिवेशनले सचिवमा बिनोद न्यौपाने र अनिल पन्त चयन गरेको छ भने सहकोषाध्यक्षमा श्याम कुँवर चयन भएका हुन् । अधिवेशनले कार्यसमितिको प्रवक्तामा रविन शर्मालाई चयन गरेको छ ।

अधिवेशनले रविन शर्मा, जीवन गुरूङ, राम बाँस्तोला, नारायाण पौडेल, दिपक न्यौपाने, रामचन्द्र सापकोटा, कृष्णप्रसाद भुसाल, मुक्तिप्रसाद सापकोटा, युवराज काफ्ले, भीम भट्टराई, विवेक पाठक, दिपक गुरूङ, राजेन्द्र भुसाल, प्रेम भट्टराई, गणेश सुवेदी, रमेश जिसी र बिमल न्यौपानेलाई सदस्यमा चयन गरेको छ ।

एनआरएनए अभियान्ता ओम गुरूङको संयोजकत्वमा ओएनएफ अध्यक्ष महेन्द्र श्रेष्ठ र पत्रकार महासंघ जापानका अध्यक्ष मोहन घले सम्मिलित निर्वाचन मण्डलबाट कार्यसमितिको चयन भएको थियो । अधिवेशनमा बसन्त कुमार जोशीद्वारा प्रस्तुत आर्थिक र जनक सुवेदीद्वारा प्रस्तुत संस्थागत कार्य प्रगति प्रतिवेदन पारित भएको थियो ।

जापानमा वर्डफ्लु भेटियो

❑ नेस संवाददाता

टोकियो – जापानको पश्चिमी कागावा प्रिफेक्चरमा रहेको पोल्ट्रीफममा मरेका कुखुराको प्रारम्भिक परिक्षणबाट बर्डफ्लू रहेको देखिएको बताइएको छ ।

सानुकी सहरमा रहेको पोल्ट्री फारममा बुधबार ५५ वटा कुखुरा मरेको पाईएपछि तिनीहरूको परिक्षण गर्दा बर्डफ्लुको मात्रा सकारात्मक देखिएको सरकारी अधिकारीहरूलाई उधृत गर्दै एनएचकेको समाचारमा उल्लेख छ । प्रारम्भिक परिक्षणले ११ वटा कुखुरामा ३ वटामा उच्च संक्रमण सहित फ्लुको भाइरस सकारात्मक देखिएको बताइएको छ ।

अहिले सो पोल्ट्रीफारमबाट कुखुराको ओसार

पसारका रोक लगाई थप परिक्षण भैरहेको अधिकारीहरूले बताएका छन् । सो फारममा मरेका कुखुरामा बर्डफ्लु भएको पुष्टि भएमा त्यहाँ रहेका ५१ हजार कुखुरालाई नष्ट गरिने र त्यस क्षेत्रको ३ किलोमिटर वरपर रहेका अन्य आठवटा पोल्ट्रीफममा पनि बर्डफ्लु परिक्षण गरिने बताईएको छ ।

CITY EXPRESS MONEY TRANSFER | SBI Remit
के नेपालमा पैसा पठाउँदै हुनुहुन्छ ?
FREE सित्तैमा पैसा पठाउन सकिने
✓ पहिलोचोटी नेपाल पैसा पठाउँदा सित्तैमा
(पुराना ग्राहकहरुको हकमा २०१५ अक्टोबर ३० तारिकसम्म हाम्रो सेवा लिनुभई त्यसपछि हाम्रो सेवा उपयोग नगर्नुभएका ग्राहकहरुमा पनि यो सेवा लागु हुनेछ)
✓ यो सुविधा २०१५ मार्च ५ तारिखदेखि लागू भएको छ ।
✓ हरेक महिना नयाँ-नयाँ आकर्षक उपहार योजनाहरू
सस्तो, छिटो भरपर्दो र विना झन्झटिलो माध्यमबाट नेपालमा पैसा पठाउनका लागि
CITY EXPRESS MONEY TRANSFER JAPAN Co. Ltd.
〒169-0073 Tokyo, Shinjuku-ku, Hyakunin-cho, 2-10-9, Shin-Okubo Initial House 2F
Tel: 03-5925-4121, Fax: 03-5925-4122
Email : japan@ctxpress.co.jp Web: www.cityremit.com
www.facebook.com/cemtjapan
दरभाउ बुझ्नका लागि 080-3842-9995(SB)
नेपाली भाषामा जानकारीका लागि MOBILE 090-6452-8932(SB), 080-4659-1860(SB)

गाडि चाहिएमा सेवामा हाजिर छौं
For Moving & Shifting
कोठा सर्नु परेमा, अरू कुनै सामान सार्नुपरेमा, समुहमा वा स-परिवार कतै घुम्न जानको लागी गाडि चाहिएमा हामीलाई सम्झनुहोस् । सुपथ मूल्यमा सेवा उपलब्ध छ ।

नेपाली तथा इण्डियन रेष्टुरेन्टमा आवश्यक पर्ने खण्डे थाल, कटौरा, मःम पकाउने भाँडो, प्रेसरकुकर, करूवा लगायतका भाँडाकुडा पनि उपलब्ध छ ।

सम्पर्कः Asia Moving ☎ 090-9304-2626
For More Information : www.asiahunter.com
(Contact Person : Masaki Kobayashi – नेपाली, हिन्दी र जापानी भाषामा पनि कुरा गर्न सकिने ।)

यसकारण जापानीहरू धेरै बाँच्छन्

❑ खगराज गौतम

टोकियो – कसैले विश्वमा लामो उमेरसम्म बाँच्ने कुन देशका नागरिक होलान् भनेर प्रश्न गऱ्यो भने यसको सहजै उत्तर आउँछ जापान भनेर । जापानको, रहनसहन, शरीरको लागि राम्रो खानपान र उपयुक्त जीवनशैली, चिन्तनका कारण जापानका नागरिकहरू लामो समयसम्म बाँच्ने एक अध्ययनले देखाएको छ ।

जापानको किकाइ द्विपमा रहेकी ११७ वर्षकी नावी ताजीमा सबैभन्दा बढी उमेरकी महिला हुन् भने ११२ वर्षका मासाजो नानोका सबैभन्दा बढी उमेरका पुरूष हुन् । स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रायलका अनुसार गतवर्षको सेप्टेम्बरसम्ममा १०० वर्ष पार गरेका जापानी नागरिकहरूको संख्या ६७ हजार ७ सय ८२ रहेको जनाएको छ ।

विश्वमै सबैभन्दा लामो आयु बाँच्नेमा जापानका बासिन्दा पहिलो नम्बरमा छन् । जापान एक यस्तो देश हो जहाँ नागरिकको हाल औसत उमेर महिलाको ८६ वर्ष र पुरूषको ८० वर्ष रहेको छ । यो औसत आयु अन्य मुलुकको भन्दा बढी हो । आखिर के कारणले उनीहरूले यति लामो समय बाँच्छन् त ?

अध्ययनले सामान्यतः धेरै जापानी सय बर्ष भन्दा बढी बाँच्छन र ६० बर्षमा त उनीहरू जवान नै दैखिने बताएको छ । जापानीको आयु लामो हुनुको मुख्य कारण नियमितरूपमा व्यायामलाई लिने गरेको बताइन्छ । जापानका प्रत्येक घरको नियम कै रूपमा परिवारका सदस्यले योग, मार्शल आर्टको कक्षा लिनैपर्छ । बच्चा उमेरदेखि यसरी उनीहरू व्यायाममा अभ्यस्त हुन्छन् । यसले उनीहरूको शरीर फूर्तिलो र तन्दुरूस्त हुन्छ । उनीहरू पाको उमेरमा समेत व्यायाम गर्न छुटाउँदैनन् ।

अध्ययनकै अनुसार जापानीहरूको हाँस्ने बानीले पनि लामो उमेर बाँच्नका लागि सहयोग पुऱ्याएको देखिन्छ । उन्मुक्त हाँसो प्राकृतिक औषधी हो, जसले धेरै रोग लाग्न दिदैन । यसले डिप्रेसन र निराशाबाट मुक्ति मिल्छ । जब खुलेर हाँसिन्छ, रोग प्रतिरोधात्मक क्षमता बढ्छ भन्ने कुरालाई राम्रोसँग बुझेका यहाँका नागरिक उन्मुक्त हाँस्दा थप ८ बर्ष भन्दा बढी उमेर बाँचेको पाइएको हो ।

जापानीहरूले खानपानमा निकै ध्यान दिने गरेका हुन्छन् । माछा र मासु प्रशस्त खाने भएपनि मासुभन्दा माछालाई प्राथमिकतमा राख्दै रातो मासु सकेसम्म कम खाने गरेको देखिन्छ । माछाबाट उनीहरूको भिटामिन, तेल र न्युट्रिएन्ट्सको लेभल बढ्छ । यसले गर्दा मुटुको रोग पनि कम लाग्ने गरेको पाईन्छ ।

जापानीको खानामा आधा खाद्य पदार्थ छ भने आधा हरियो तरकारी हुने गर्दछ । त्यसबाहेक उनीहरू विभिन्न प्रकारका दाल सेवन गर्छन् । उनीहरू मिक्स भेज खान रूचाउँछन । यसमा एन्टिअक्सिडेन्ट र फाइटोकेमिकल्स पाइन्छ, जसले गर्दा क्यान्सर लगायतका रोग लाग्नबाट बचाउने अध्ययनले देखाएको छ ।

नियन्त्रित खानपान – लामो आयु बाँच्ने एक व्यक्तिले भनेका थिए, 'थोरै खाउँ, लामो जीवन बाँच ।' जापानीहरूले यहि कुरालाई आत्मसात गरेका हुन्छन । उनीहरू एकै पटकमा अधिक खाना खाँदैनन् । आफुलाई भोक लागेको भन्दा पनि कम खानेकुरा सेवन गर्छन । अध्ययनबाट प्रमाणित भएको छ कि, भोक लागेको भन्दा कम खाना ग्रहण गर्दा उसको उमेर क्रमशः बढ्दै जान्छ ।

जापानीको परिकार तारेको भन्दा बढी उसिनेको वा बाफमा पकाइएको हुन्छ । धेरै तेल र नुनको प्रयोग नगरेकाले उनीहरू स्वस्थ्य हुन्छन । जापानी आफ्नो भोजनमा तेल र मसलाको प्रयोग कम गर्ने गर्दछन् ।

जिन्दगीलाई राम्रोसँग भोग गर्नु जान्नु पनि यहाँका नागकिहरू लामो उमेरसम्म बाँच्ने आधारका रूपमा लिने गरिएको छ । जापानीहरू समस्यामा परेको अवस्थामा पनि खुशी देखिने, अरूको विवादमा चिन्ता नलिने, शान्तिपूर्ण जीवन विताउने प्रयास गर्ने, सामाजिक सेवामा अग्रसर हुने कारणले पनि लामो उमेरसम्म बाँचेको सो अध्ययनले देखाएको छ । धुम्रपान, मदिरा, नुनयुक्त खानेकुरा जरूरत भन्दा बढी सेवन गर्दैनन् । यस्ता नराम्रो बानी उनीहरूमा हुँदैन । जापानीहरू सकेसम्म एलोपेथिक औषधीमा निर्भर हुँदैनन । उनीहरू जडीबुटी वा प्राकृतिक उपचारलाई पनि विश्वास गर्ने गर्छन् ।

जापान विश्वकै यस्तो देश हो, जहाँ सरसफाईमा एकदमै ध्यान दिइन्छ । उनीहरू सामान्य कुराको सरसफाईमा समेत लापरबाही गर्दैनन र सरसफाईको सवालमा एकदमै संवेदनशील हुने गर्दछन् ।

६० बर्षपछि पनि उनीहरू काम गर्न रूचाउँछन् । उनीहरू घरमा बस्न र धेरै सुत्न रूचाउँदैनन् । कुनै न कुनै काममा आफुलाई व्यस्त राख्छन् । जापानी गहिरो निन्द्रा लिने अभ्यास गर्छन् । उनीहरू हरेक दिन कम्तिमा आठ घण्टा सुत्ने गर्दछन् ।

भुसालको अध्यक्षतामा पौदी सेवा समाज जापानको नयाँ कार्यसमिति

❑ नेस संवाददाता

टोकियो – पैदी सेवा समाज जापानको सोमबार सम्पन्न दोस्रो अधिवेशनले गोविन्द भुसालको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति निर्विरोध चयन गरेको छ ।

निर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा तारा घिमिरे, उपाध्यक्षमा राजन केसी, सचिवमा मणि गौतम सहसचिवमा संगीता खरेल कोषाध्यक्षमा दिपक भुसाल र सहकोषाध्यक्षमा पुष्कर घिमिरे रहनु भएको छ । त्यसैगरी सदस्यहरूमा टिका गिरी, मिग्रेन्द्र हितान र रविन्द्र घिमिरे निर्वाचित हुनुभएको छ ।

अधिवेशनले जापानकका विभिन्न प्रान्तका लागि संयोजक समेत चयन गरेको छ । यसरी चयन हुने संयोजकहरूमा टोकियोका लागि टिका गिरी, ओसाकाका लागि शंकर आचार्य, होक्काइदोका लागि कृष्ण केसी, नागानोका लागि सुरेशचन्द्र खरेल, फुकुओका र हिरोशिमाका लागि धनिश्वर अर्याल, नागोयाका लागि विष्णु गिरी, तोचिगीका लागि गोकर्ण घिमिरे, विद्यार्थी फाँटका लागि शंकर बस्नेत र टोकियोको सह संयोजकमा गणेश घिमिरेलाई चयन गरिएको छ ।

जापानको हरेक आठजना युवामा एकजना विदेशी युवा

❑ नेस संवाददाता

टोकियो – जापानको टोकियोमा आठ जना नयाँ वयस्कहरू मध्ये एकजना विदेशी युवा हुने गरेको एक सर्वेक्षणले जनाएको छ ।

सर्वेक्षण अनुसार टोकियोका २३ वडामा रहेका ८३ हजार ४ सय नयाँ युवामध्ये १० हजार ८ सय भन्दा बढि विदेशी युवाहरू रहेको एनएचकेले जनाएको छ ।

सिन्जुकुमा सबैभन्दा धेरै १ हजार ७ सय युवा रहेका छन् भने तोशिमा र नाकानोमा क्रमशः १ हजार २ सय र ८ सय युवा रहेको पाइएको छ । ६ वडाका नयाँ युवाहरूमा विदेशीको अनुपात २० प्रतिशत रहेको छ । सिन्जुकुमा ४५ दशमलव ७ प्रतिशत तोशिमामा ३८ दशमलव ३ प्रतिशत र नाकानोमा २७ प्रतिशत विदेशी युवा रहेको सर्वेक्षणले देखाएको छ ।

यसरी विदेशी युवाहरू बढ्नुको मुख्य कारणमा रूपमा विदेशी विद्यार्थी र प्रशिक्षार्थीको आउने क्रम तिव्र गतिमा बढ्नु रहेको जानकारहरू बताउँछन् । उनीहरूका अनुसार जापानी समाजमा विदेशी नागरिकको उपस्थिति सशक्त रहेको छ । २० वर्ष उमेर पुगेकाहरूले सोमबार जापानभर वयस्क दिवस मनाएका थिए ।

प्रम आवे पूर्वी...

सुरूवात रूसको छिमेकी देश एस्टोनियाबाट हुने एनएचकेको समाचारमा उल्लेख छ । त्यसपछि उनले लात्भिया, लिथुवानीया, बुल्गेरिया, सर्बिया र रोमानियाको भ्रमण गर्ने जनाइएको छ ।

भ्रमणको क्रममा प्रधानमन्त्री आवेले आफ्ना समकक्षीहरूसँग उत्तर कोरियाको परमाणु विकासका कारणले विश्व समुदायलाई पारेको चिन्ताका बारेमा समन्वय र सहकार्यका लागि विशेष छलफल गरिने पत्रकारहरूसँग बताएका छन् ।

आवेले ती देशहरूसँगको आर्थिक विकासको बढवाका बारेमा पनि कुराकानी हुने बताएका छन् । उनीसँगको भ्रमणमा जापानका ३० भन्दा बढी कम्पनीका प्रतिनिधिहरूको सहभागिता समेत रहेको छ ।

के तपाई पुस्तक लेख्ने सोचमा हुनुहुन्छ ?

जीवनका अविस्मरणीय घटना तथा क्षण प्रवास भोगाइका तीता, मीठा अनुभव अनि मनमा सँधै छचल्किरहने भावना, यात्रा-नियात्रा संस्मरण, जीवनी लगायतका बिषयवस्तु समेटिएको पुस्तक प्रकाशन गरेर लेखक बन्न चाहानुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोला ।

साथै कथा संग्रह, कविता संग्रह, गजल संग्रह, उपन्यास लगायतका साहित्यिक प्रकाशन तथा संघसंस्थाहरूका संस्थागत मुखपत्र, स्मारिका, बिधान लगायतका दस्ताबेज प्रकाशन गर्नुपरेमा पनि हामीलाई सम्झनुहोला ।

080-4150-5314

GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

भिसा सम्बन्धि सम्पूर्ण कामको लागि सम्झनुहोस्

छिटो, भरपर्दो र सुरक्षित

our services
- To invite from Nepal
- Visa Renew
- Status Change
- Inernational Marriage
- Permanent Resident
- Work Permit Application
- Company Establishment
- Business Visa Processing

व्यस्त हुनुहुनेहरूको लागि शनिवार, आइतवार र रातो बिदाको दिनमा पनि काम गर्नेछौं ।

एकपटक असफल भएपनि पुनः निःशुल्क प्रोसेसिङ गरिने ।

Contact:
03-6908-9508
090-6566-3558
Time: 09:00～21:00

सम्पर्क
ブルーデイジー国際法務行政書士事務所
Blue Daisy International Immigration Law Firm
法務省入国管理局申請取次者 小野 級子(Shinako Ono)行政書士
〒169-0074
東京都新宿区北新宿4-15-3
光慶ビル203 8min from okubo Station

ए हजुर कता ?
बाराही हलाल फुड यता !

माछा, मासु, मसला, दाल, चामल लगायत अन्य दैनिक उपभोग्य सामानहरु आवश्यक परेमा विगत लामो समयदेखि यहाँहरुकै सेवामा समर्पित बाराही फुड्स एण्ड स्पाइस सेन्टरलाई सम्झनुहोला ।
होम डेलिभरी (थाक्युबिन) को पनि ब्यवस्था छ ।

Barahi Foods & Spice Center
नेपाली पसल (हलाल फुड)

Tel. 090-6094-9954 (Soft Bank), 03-3363-1145, Fax. 03-5386-8797
टोकियो स्थित शिन-ओकुबो स्टेशनबाट ३० सेकेण्ड मात्र

इन्दोबजार

माछा, मासु, मसला, दाल, चामल लगायत अन्य दैनिक उपभोग्य सामानहरु आवश्यक परेमा विगत ३० वर्षदेखि यहाँहरुकै सेवामा समर्पित हलाल फुड इन्दो बजारलाई सम्झनुहोला ।
होम डेलिभरी (थाक्युबिन) को पनि ब्यवस्था छ ।

Contact for More Details
INDO BAZAAR
Tel: 03-5744-7834
JR Keihin Tohoku Line, Ikegami Line, Tamagawa Line
Kamata Station (East Exit)
5-20-6 Kamata, Ota-Ku, Tokyo 144-0052
Business Hour: Daily 12:00~21:30

महत्वपूर्ण टेलिफोन नम्बरहरु

नेपाली राजदूतावास टोकियो ....
.... फोनः ०३-३७१३-६२४१/४२
.... फ्याक्सः ०३-३७१९-०७३७
टोकियो क्षेत्रिय अध्यागमन ब्यूरो
सिनागावा ०३-५७९६-७१११
टेलिफोन नम्बर सोधपूछ १०४
प्रहरी ११०
एम्बुलेन्स र दमकल ११९

समृद्धिका लागि मेलमिलाप-अध्यक्ष भट्ट

❑ नेस संवाददाता

टोकियो – गैर आवासीय नेपाली संघका अध्यक्ष भवन भट्टले मुलुकको विकास र समृद्धिका लागि सबैले मिलेर काम गर्नुपर्ने आजको आवश्यकता भएको बताउनुभएको छ ।

अंग्रेजी नयाँ वर्ष तथा ४१ औं राष्ट्रिय मेलमिलाप दिवसको अवसर पारेर टोकियोमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै अध्यक्ष भट्टले एनआरएनएको लागि नयाँ काम गर्नका लागि देशमा लगानीको वर्ष भएकोले सबैले आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याएर नेपाली नागरिक हुनुको दायित्व पुरा गर्न आग्रह गर्नुभयो ।

नेपाली जनसम्पर्क समिति जापानले आयोजना गरेको सो कार्यक्रमका वक्ताहरूले नेपालमा राजनीतिक दलहरूले मेलमिलापको सिद्धान्त लागु नगरी आ–आफ्नो ढंगले अगाडि बढ्दा मुलुकको विकास हुन नसकेकोले मुलुकको समृद्धिका लागि सबै मिलेर काम गर्नुपर्नेमा जोड दिएका थिए । सो कार्यक्रममा नेपाली राजदूतावासका उपनियोग प्रमुख कृष्णचन्द्र अर्याल, एनआरएनए एसिया प्यासिफिक संयोजक किरणविक्रम थापा, एनआरएनए आइसीसी सदस्य महेश श्रेष्ठलगायत जापानमा क्रियाशील संघ-संस्थाका प्रतिनिधिहरूले आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रम सम्पर्क समितिका सभापति रोशन केसीको अध्यक्षता तथा महामन्त्री रामजंग कार्कीको सञ्चालनमा भएको थियो ।

आँपचौर सेवा समितिको अध्यक्षमा महेन्द्र अधिकारी

❑ नेस संवाददाता

टोकियो – आँपचौर सेवा समितिको पाँचौ अधिवेशनले महेन्द्र अधिकारीको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति सर्वसम्मत रूपमा गठन गरेको छ ।

समाजको उपाध्यक्षमा दधिराम खरेल, महाशर्मा खरेल, प्रकाश खरेल, भानु अर्याल, आत्माराम भट्टराई चयन भएको अध्यक्ष मण्डलका सदस्य गुणराज सापकोटाले जानकारी दिनुभयो ।

नवनिर्वाचित कार्यसमितिको महासचिवमा कृष्णप्रसाद पोखरेल, सचिवमा विष्णुप्रसाद खराल, कोषाध्यक्षमा गोकुल अर्याल र सह कोषाध्यक्षमा सविन घिमिरे रहनुभएको छ ।

त्यसैगरी सदस्यहरूमा सरस्वती खरेल, घनश्याम खरेल, घनश्याम खराल, शिव रोका र ददीराम अर्याल निर्वाचित हुनुभएको छ । त्यस्तैगरी विष्णु खरेल, सुनिल अर्याल, दिपक अर्याल र टोपलाल तिवारीलाई समेत मनोनित सदस्यका रूपमा राखिएको अध्यक्ष अधिकारीले जानकारी दिनुभयो ।

समाजका उपाध्यक्ष महाशर्मा खरेलको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन महासचिव बलदेव केसीले गर्नुभएको थियो ।

सो समाजले आगामी जनवरी २७ तारिखका दिन नवनिर्वाचित नयाँ कार्यसमितिलाई कार्यभार हस्तान्तरण, सम्मान तथा साँस्कृतिक कार्यक्रम गर्ने भएको छ । सो अवसरमा नवनिर्वाचित कार्यसमितिका पदाधिकारीहरूलाई प्रमाणपत्र वितरण, समाजका लागि योगदान पुऱ्याएका बिशिष्ट व्यक्तित्वहरूलाई कदरपत्र वितरण गरिने अध्यक्ष अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार जापानमै रहेका सूर्य खड्का, सोना केसी लगायतका कलाकारहरूको उपस्थितिमा साँस्कृतिक कार्यक्रम गरिनुका साथै आँपचौरबासीहरूबीच शुभकामना आदानप्रदान सहित मैत्रीपूर्ण रात्रीभोज हुने भएको छ ।

काँडेबास सेवा समाज जापानको अध्यक्षमा टीकाराम

❑ नेस संवाददाता

टोकियो – काँडेबास सेवा समाज जापानको दोस्रो अधिवेशनले टीकाराम शर्माको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

समाजको निर्वाचित उपाध्यक्षमा झबिन्द्र कँडेल र बिपिन कँडेल, सचिवमा बलबहादुर केसी, सहसचिवमा गोमबहादुर बुढाथोकी, कोषाध्यक्ष बुद्धिमणि कँडेल चयन भएका छन् । यस्तै सदस्यहरूमा कृष्णलाल कँडेल, राधिका सापकोटा, राधिका कँडेल गैरे, छबिलाल शर्मा, सुभाष कँडेल, ईन्द्र कँडेल, खिमलाल कँडेल, लक्ष्मण चालिसे, कर्णबहादुर केसी, कमल कँडेल र टोपलाल कँडेल चयन भएका छन् ।

अधिवेशनले सल्लाहकारमा नरिनारायण कँडेल, बाबुराम सापकोटा, टोपबहादुर सलामी, हिमाल कँडेल, कुलराज कँडेल, शैलेन्द्र कँडेल, मित्रबहादुर बुढाथोकी र रामप्रसाद कँडेललाई चयन गरेको छ ।

समाजका निवर्तमान अध्यक्ष नरिनारायण कँडेलको अध्यक्षता र सचिब टीकाराम शर्माको सञ्चालनमा सम्पन्न अधिवेशनमा समाजको बार्षिक प्रगति प्रतिबेदन, आर्थिक प्रतिवेदन सचिब टीकाराम शर्माले प्रस्तुत गरेका थिए ।

विदेशमा रहेरपनि आफ्नो गाँउठाउँको विकासका लागि सहयोगी भूमिका खेल्दै आएको काँडेबास सेवा समाज जापानले गलकोट नगरपालिका ८ काँडेबासमा स्वास्थ्य चौकी निर्माणार्थ घडेरी खरीदका लागि करीब दश लाख संकलन गरिसकेको र केही थप रकम संकलन भएपछि सम्बन्धित निकायलाई हस्तान्तरण गरिने समाजका अध्यक्ष शर्माले बताउनुभयो ।

काली गण्डकी समाज गठन

❑ नेस संवाददाता

टोकियो – कालिगण्डकी समाज जापानको प्रथम भेलाले काशिराम न्यौपानेको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

आइतबार सम्पन्न समाजको भेलाले वरिष्ठ उपाध्यक्षमा कृष्णप्रसाद न्यौपाने, उपाध्यक्षमा मथुरा पराजुली, महासचिबमा प्रकाश ढकाल, सचिबमा शिशिर न्यौपाने र कोषाध्यक्षमा सन्तोष पौडेललाई चयन गरेको ।

दुई बर्षे कार्यकालका लागि गठित कार्यसमितिको सदस्यहरूमा बसन्त ढकाल, देबकुमार थापा, गोबिन्द ढकाल, बीरेन्द्र श्रेष्ठ र शोभा ढकाललाई चयन गरिएको छ । बाँकी चार सदस्यहरूलाई पछि चयन गरिने अध्यक्ष न्यौपानेले जानकारी दिए ।

अधिवेशन आयोजक समितिका संयोजक काशिराम न्यौपानेको सभापतित्वमा सम्पन्न सो कार्यक्रम कोरेङ निम्नमाध्यामिक विद्यालय खड्गकोटका निबर्तमान प्रधानाध्यापक पुरूषोत्तम ढकालको विशेष उपस्थितिमा भएको थियो । कार्यक्रमको सञ्चालन प्रकाश ढकालले गर्नुभएको थियो ।

टोकियोमा सुन्दरी प्रतियोगिता हुने

❑ नेस संवाददाता

टोकियो – पल इन्टरटेन्मेन्ट र जापानको शिन्जोउ कर्पोरेशनको संयुक्त आयोजनामा टोकिमा सौन्दर्य प्रतियोगिता हुने भएको छ ।

नेपाली पन, नेपाली मनहरूसँगै नेपाली बिवाहित तथा अविवाहित महिलाहरूलाई लक्षित गरी कला, सँस्कृतिको प्रचारप्रसार, सौन्दर्यता, व्यक्तित्व विकासका लागि व्यवसायिक रूपमा महिलालाई प्रतिस्पर्धा गराई सो कार्यक्रम गर्न लागिएको आयोजकले जनाएको छ । जापानमा रहेका सहभागी महिलाहरूबीच नेपालको कला सँस्कृति, सुन्दरता बौद्धिक प्रतिभासहित विभिन्न १५ विधामा प्रतिस्पर्धा गराईने भएको छ ।

आयोजक स्रोतका अनुसार पहिलो चरणको छनोट प्रक्रिया फेब्रुअरी १ मा र उत्कृष्टताको आधारमा अन्तिम छनोट फेब्रुअरी १८ मा गरिने छ । अडिसनमा छनोट भएकालाई ३ फेब्रुअरीबाट फिटनेश, सेल्फ मेकअप, हाँसो, फोटो सेसन, मिडियासम्बन्धी जानकारी र स्टेज पर्फमेन्स, क्याटवाक र मानव संशाधनलगायतका बारेमा तालिम दिईने आयोजक शिन्जोऊ कर्पोरेशनका प्रबन्ध निर्देशक उत्तमकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

जापानमा नेपाली समुदायका बिचमा पहिलोपटक हुन लागेको यस कार्यक्रममा छनोटलाई विवादरहित बनाउन नेपालबाट सम्बन्धित क्षेत्रका विज्ञ र जापानबाट पनि प्रतिनिधि सहभागी गराईने छ । कार्यक्रमको व्यवस्थापन गरेको डेस्टिनी क्रियशनका अनुसार लामो समयदेखि जापानमा बसोबास गर्दै आएका नेपालीले कला सँस्कार जोगाउने पहिरन, पोशाक, रङदेखि गुन्यू, चोलो र नाक, कान, घाँटीमा लगाउने गहना र तिलहरीसहित सहभागिता जनाउन सक्नेछन् । सहभागिताका लागि फारम अनलाईनमार्फत र कार्यालयबाट उपलब्ध गराईएको छ ।

कोवायासी भिषा सर्भिस
KOBAYASHI VISA SERVICE
सस्तो सुलभ, छिटो सेवाका लागि हामीलाई सम्झनुहोस् ।

सेवाहरु (Services)

❖भिषा नविकरण	लाग्ने खर्च : 9,800円
❖स्थायी भिषा (एईज्यु)	लाग्ने खर्च : 35,000円
❖भिषाको प्रकृति परिवर्तन	लाग्ने खर्च : 35,000円
❖नयाँ भिषा सम्बन्धि काम	लाग्ने खर्च : 50,000円
❖कम्पनी स्थापना	लाग्ने खर्च :आपसी सहमतीमा तय गरिने

Hironari Kobayashi
Immigration Lawyer

नेपाली, अंग्रेजी, हिन्दी, जापानी भाषामा कुरा गर्न सकिने ।

Contact for Details:
Tel : 03-6279-3353
Fax : 03-6908-5805
Mobile : 080-4186-2102 (Softbank)
Shinokubo Lions Mansion 409, 2-4-5
Hyakunincho, Shinjuku-ku,Tokyo, Japan

फोन गर्ने समय बिहान १० बजेदेखि बेलुकी ८ बजेसम्म ।

ठाउँ एक, सुविधा अनेक

भिसा फारम
आफन्तलाई जापान घुम्न बोलाउन, आफू तथा आफन्तको भिसा नवीकरण गर्न अमेरिका, बेलायत, अस्ट्रेलिया लगायतका देशमा जान भिसा फारम भर्न परेमा ।

ट्रान्सलेट
जापानी, अंग्रेजी, नेपाली भाषाका कागजातहरु ट्रान्सलेट गर्नु परेमा ।

मेनु चिरासी
रेष्टुरेन्टको मेनु, चिरासी तथा भिजिटिङ कार्ड डिजाइन तथा छपाउनु परेमा ।

आजै, सम्पर्क गर्नुहोस्
भौंतारिनै पर्दैन !!!

GMT International Co. Ltd.
Tel/Fax: 03-5937-5314 Mobile: 080-4150-5314
E-mail: samudraparinews@gmail.com

सरकार गठन अघि नै पार्टी एकता

काठमाडौ - एमाले र माओवादी केन्द्रले नयाँ सरकार गठनअघि नै पार्टी एकताको स्वरूप तयार पार्नेगरी गृहकार्य अघि बढाएका छन् । पार्टी एकताबारे विभिन्न टिका-टिप्पणी आईरहँदा पार्टी एकता संयोजन समिति दुई दलबीचको एकता प्रक्रियालाई छिटो निष्कर्षमा पुराउने टुंगोमा पुगेको छ ।

यसै सन्दर्भमा केन्द्रित भई माओवादी केन्द्रका सचिवालय सदस्य अग्निप्रसाद सापकोटासँग माओवादी र एमालेबीचको एकता प्रक्रिया, एकतापछि पार्टीको नीति तथा नेतृत्व र सरकार गठनमा भइरहेको ढिलाईलगायतका विषयमा कुराकानी गरेका छौं । प्रस्तुत छ, सचिवालय सदस्य सापकोटासँग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंशः

एमाले र माओवादी केन्द्र एकीकरणको एकता प्रक्रिया कहाँ पुग्यो ?

दुई पार्टी एकता प्रक्रिया त्यतिबेलै सुरू भएको भएको हो, जतिबेला दुई पार्टीका अध्यक्ष सम्मिलित एकता संयोजन समिति बन्यो । दुई पार्टी एक हुने भएपछि नै सँगै चुनावमा जाने निर्णय भयो । त्यो चुनावमा वाम तालमेलका लागि मात्रै थिएन, यदि त्यस्तो हुन्थ्यो भने पार्टी एकता संयोजन समिति नै बन्दैनथ्यो हामीले पार्टी एकता गरेर जाने टुंगो गरेरै चुनावमा जाने निर्णय गऱ्यौं र यो उचाई पनि हासिल गऱ्यौं । संयोजन समितिको बैठकले यसमा थप उर्जा थपिदिएको छ । कार्यदल नै गठन गरेर एकतालाई तिव्रता दिइएको छ, अव औपचारिक प्रक्रिया पूरा गरेर घोषणा मात्र गर्न बाँकी हो । म के विश्वास दिलाउन चाहन्छु भने, नयाँ सरकार गठनअघि नै पार्टी एकताको स्वरूप तयार हुन्छ ।

वैचारिक सांगठनिक कार्यदल बनाएर एकता प्रक्रियालाई टुंगो लगाउने तयारी छ भन्ने सुनिन्छ, एकीकृत पार्टीको सिद्धान्त के हुन्छ अब ?

प्रथमतः जुन सिद्धान्त लिएर यी दुई पार्टी अघि बढिरहेका छन्, तिनै सिद्धान्तको जगमा दुई पार्टी एकीकृत हुने हो । माओवादीले मान्दै आएको २१ औं शताब्दीको जनवाद र एमालेले मान्दै आएको जनताको बहुदलीय जनवाद फ्युजन गरेर अघि बढ्न सकिन्छ । यसमा दुवै दल तेस्रो धारको सिद्धान्त बनाएर जानुपर्ने देखिन्छ । मुलतः देश जुन हिसाबले अघि बढिरहेको छ, यसको भौतिक परिस्थितिसमेतलाई ध्यानमा राखेर हामी हाम्रा कार्यदिशा, नीति र सिद्धान्त तय गर्छौं । सोहीअनुरूप अघि बढ्छौं ।

अलि स्पष्ट पार्दिनुस् न, एकीकृत पार्टीको सिद्धान्त जनताको बहुदलीय जनवाद नै रहन्छ या २१ औं शताव्दीको जनवाद हुन्छ ?

यस सन्दर्भमा छलफलमै छौं । जुन ग्राउण्डमा हामीले २१ औं शताव्दीको जनवादलाई विकास गरेका छौं, त्यसलाई ध्यानमा राख्छौं । त्यसैगरी एमालेले अघि सारेको जनताको बहुदलीय जनवादको ग्राउण्डलाई पनि ध्यानमा राख्छौं । यी दुवैले विकास गरेका अवधारणालाई ध्यानमा राखेर नीतिगत निष्कर्षमा पुग्छौं ।

निर्वाचनलगत्तै पार्टी एक हुने भन्ने कुरा थियो, एक महिनाको अन्तरालमा बल्ल कार्यदल बनेको छ, एकता प्रक्रिया लम्बिएको हो ?

दुईवटा पार्टीले दृढतापूर्वक घोषणा नै गरिसकेकाले पार्टी एकीकरण हुनेमा सन्देह रहेन । यसलाई नेपाली जनताले अनुमोदनसमेत गरिसकेका छन् । एकता प्रक्रिया छिट्टै निष्कर्षमा पुग्छ । एकता प्रक्रियालाई सकेसम्म चाँडो टुङ्ग्याउन घनिभूत छलफलमा समेत छौं । सम्भव भएसम्म हामी एक महिनाभित्रै पार्टी एकता टुङ्ग्याउने गरी प्रक्रिया अघि बढाएका छौं ।

तपाईंको पार्टीभित्रै एमालेसँगको एकतामा विमतिका स्वरहरु बाहिर आएका छन्, यसलाई के भन्नुहुन्छ ?

एकाध मान्छेले नबुझेर वा निजी स्वार्थका कारणले विरोध गरेका छैनन् म भन्दिन । कतिलाई यो वाम गठबन्धन पनि चित्त नबुझेको हुनसक्छ । कतिले पार्टी एकीकरणलाई गलत ढंगले बुझेको पनि हुनसक्छ । कतिले चाहिँ आफ्नो ब्यक्तिगत हिसाव किताव गर्दा भाग नपुग्ने लागेर यसरी कुरा आएका पनि हुन सक्छन् । अर्कातिर वाम एकता नहोस भनेर प्रायोजित समाचारहरू पनि बजारमा आएका छन् । तर, जीवन्त बहसले नोक्सानी गर्दै गर्दैन । सहि उद्देश्य र गन्तब्यमा हिंडिरहेका बेला गलत नियतले बहस भए पनि ती निस्तेज हुन्छन् । मान्छेले बुझ्दै जान्छन् । तर, यस्ता कुराले एकतामा कुनै असर पार्दैनन् ।

एमाले भित्र चाहिँ एकताका विषयमा कतिको अवरोध देख्नुभएको छ, तपाईंको बुझाई के हो ?

म त के भन्छु भने, एउटा पार्टीमा यस्तो हुनु स्वभाविक हो । एमाले भित्र पनि नहोला भन्न सकिदैन । तर, मनमा आफूलाई कसरी सुरक्षित गर्ने भन्ने चिन्ताका आधारमा यस्ता कुरा भए पनि एकताको विपक्षमै जानेगरी प्रकट हुन सक्दैनन् । किन सक्दैनन् भने, भर्खरै त जनताले तिमीहरू मिलेर एउटै पार्टी बनाउ, पाँच वर्षसम्म स्थिर सरकार चलाउ भनेर पठाएका छन् । जनताको फैसला विरूद्ध बोल्ने आँट कसले गर्नु ? कसैले पनि गर्न सक्दैन ।

दुई पार्टीका कार्यकर्ताबीच कटुता पनि त देखिएको थियो नि, होइन र ?

तपाईंले भन्नुभएको कुरा विगतको हो । वर्तमानमा एमाले र माओवादीका कार्यकर्तामा कटुताको त कुरै छोडौं, दुई पार्टीका कार्यकर्तामा यो एमाले हो, यो माओवादी हो भनेर छुट्याउनै नसक्ने एकताको आधार पैदा भएको छ । कार्यकर्ता र जनताले यो एकताप्रति अग्रसरता नलिएको भए हाम्रो निर्णयले मात्र केहि हुने थिएन । कार्यकर्ता एक आपसमा यसरी हेलिए कि सवै सक्रिय भएर लाग्ने अवस्था बन्यो । जनताले सबैभन्दा बढि मनोवल यसपटकको चुनावमा दिए । यो सबै कार्यकर्ता र

शुभचिन्तकको भावनात्मक एकताको परिणाम हो ।

एकीकृत पार्टीको नेतृत्व कसले गर्ने भन्नेमा अन्योल छ, सरकार र पार्टी नेतृत्व सौदाबाजीको विषय बन्ने हो कि भन्ने चर्चा पनि छ, खास के हो ?

यस्ता प्रकारका चर्चा कम्युनिस्ट आन्दोलन नबुझेकाले गर्छन् । कम्युनिस्ट पार्टीमा जहिले पनि नेतृत्व भनेको सही, कार्यदिशा, नीति र सिद्धान्तले तय गर्छ । सोही आधारमा यसको निरूपण हुन्छ । अहिले दुई पार्टी एकतावद्ध हुँदा पनि नीति र सिद्धान्तका आधारमै एकतावद्ध हुन्छौं, न कि नेतृत्वको आधारमा मात्रै । सिद्धान्ततः नेतृत्वको निरूपण हुन्छ । कम्युनिस्ट आन्दोलनमा नेतृत्वको प्रश्न प्रमुख बन्दैन । नीतिको प्रश्न प्रमुख बन्छ । नीति सही भए जसले नेतृत्व गरे पनि हुन्छ । व्यक्ति प्रमुख हुँदैन ।

तर, यहाँ त नेतृत्वकै विषयमा ज्यादा चर्चा छ नि ?

यो विषय सञ्चारमाध्यमलाई मात्रै चासो छ । उहाँहरूले चर्चा गर्नुभएको विषय हो । हामी दुवै पार्टी यस विषयमा छलफलको चरणमा प्रवेश नै गरेका छैनौं । माओवादी केन्द्रले यस किसिमको चर्चा गरेको छैन । एमालेले पनि यस विषयमा चर्चा गरेजस्तो मलाई लाग्दैन । दुवै पार्टीका कार्यकर्ताले पनि खासै चासो राखेका छैनन् । तर, मिडियामा अनेक कुरा आएका छन् र कतिपयले सोहीअनुसार धारणा बनाएका होलान् । पार्टी अध्यक्ष को बन्छ होइन, पार्टी एकता कहिले हुन्छ ? यही नै आजको सन्दर्भमा वस्तुवादी चर्चा हो ।

अलिकति प्रसङ्ग फेरौं, चुनाव सकिएको १ महिना बढी बितिसक्दा पनि परिणाम सार्वजनिक भएको छैन, जसले गर्दा नयाँ सरकार गठन प्रक्रिया अघि बढ्न सकेन, किन ?

संसारभरका मानिसलाई ज्ञात भएको, जानकारी भएको विषय हो - कुनै पनि देशमा आम निर्वाचन सम्पन्न भइसकेपछि एक हप्ताभित्रमा नयाँ सरकार बन्छ । निर्वाचन गराउने सरकारले सोहीअनुरूप तयारी गर्छ । हाम्रो देशका जनताले नयाँ 'म्याण्डेट' दिइसकेका छन् । नवीन निर्णय दिइसकेका छन् । नयाँ सरकार कसको र कस्तो हुन्छ भन्ने प्रष्ट भइसकेको छ । तर, आयोग निर्वाचन परिणाम घोषणा नगरी बसिरहेको छ, यो आश्चर्यको विषय हो ।

कहिलेसम्म बन्छ त नयाँ सरकार ? कांग्रेसका मन्त्रीहरू त 'फागुन सात' को 'सलामी' खाएर मात्रै बिदा हुने भन्दैछन् ?

यसको साँचो निर्वाचन आयोगको हातमा छ । निर्वाचन आयोगले अविलम्व निर्वाचनको परिणाम घोषणा गर्नुपर्छ । निर्वाचन आयोगले परिणाम बुझाएपछि नयाँ सरकार गठनको प्रक्रिया थालनी हुन्छ ।

अन्त्यमा नयाँ सरकारको नेतृत्व कसले गर्छ, प्रचण्ड कि ओली ? या आलोपालो गरेर चलाउने हो ?

यो महत्वपूर्ण कुरा होइन, राष्ट्रलाई ध्यानमा राखेर दुई नेताले निर्णय गर्नुहुनेछ । निर्णय काँधमा बोकेर हिंड्ने त हामी छँदैछौ । यसको स्वागत गर्न जनता कुरेर बसेका छन् । तसर्थ अहिले नै को प्रधानमन्त्री, को पार्टी अध्यक्ष भनेर विवाद गर्नु अर्थपूर्ण हुँदैन ।

ネパール語と日本語を学びましょう - 168
(नेपाली र जापानी भाषा सिकौं)

日本語 (जापानी भाषा)	日本語の発音 (जापानी उच्चारण)	ネパール語 (नेपाली भाषा)	ネパール語の発音 (नेपाली उच्चारण)
天気	तेन्की	मौसम	マウサム
晴れ	हारे	घमाइलो	ガマイロ
曇り	कुमोरी	बदली	バダリ
雨	आमे	बर्षा	バルシャ
雪	युकी	हिउं	ヒウン
大雨	ओआमे	भारी बर्षा	バリ・バルシャ
大雪	ओयुकी	भारी हिउं	バリ・ヒウン
積雪	सेकिसेचु	हिउं जम्ने	ヒウン・ジャムネ
竜巻	ताचुमाकी	आंधिबेहरी	アディベハリ
吹雪	फुबुकी	हिमपात	ヒマパタ
雪下ろし	युकिओरोसी	हिउं झार्ने	ヒウン・ザルネ
雪祭り	युकिमाचुरी	हिउंमेला	ヒウン・メラ

कान्तिपुर मार्ट

यहाँहरुको भान्सादेखि रेष्टुरेन्टसम्मका दैनिक अत्यावश्यकीय उपभोग्य सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध गराईन्छ । होम डेलिभरी (थाक्युबिन) को पनि ब्यवस्था छ, अवश्य सम्झनुहोला । साथै टिपिकल स्वादिष्ट नेपाली खानाका लागि भेटघाट रेष्टुरेन्ट सेवामा प्रतिक्षारत छ ।

Contact for More Details
KANTIPUR MART
Tel: 03-5937-1790
JR Yamanote line, Shin-Okubo Station (Only 2 Min. Walk)
1-11-31 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00~24:00

आशा एशियन फुड

यहाँहरुलाई आवश्यक पर्ने दैनिक उपभोग्य सामाग्रीहरु सुपथ मुल्यमा पाईन्छ । होम डेलिभरी (थाक्युबिन) को पनि ब्यवस्था छ, सेवामा हाँजिर छौं ।

Contact for More Details
ASHA ASIAN FOOD
Tel: 03-6205-5474/080-6616-4040
JR Yamanote Line, Shin-Okubo Station (Only 3 Min. Walk)
1-4-19 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00~25:00

जापानबारे रोचक तथ्य

- विश्वमा सबैभन्दा बढी आयु हुनेहरूमा जापानी नागरिकहरू पर्दछन् । यहाँका नागरिकको औसत आयु ८६ वर्ष भन्दा माथि रहेको छ ।
- जापानको लोकप्रिय खेलका रूपमा सुमो रेस्लिङ रहेता पनि यहाँका युवाहरूकमा यो खेलप्रति रूचि घटदो छ ।
- जापानको राजधानी टोकियो विश्वकै सबैभन्दा बढी जनसंख्या बस्ने शहरका रूपमा परिचित छ । जहाँ नेपालको जनसंख्या भन्दा बढी अर्थात साँढे तीन करोडभन्दा बढी मानिसको बसोबास रहेको छ । त्यस्तै टोकियो विश्वकै महंगो सहर पनि हो ।
- जापानको पुरानो राजधानी क्योटो हो ।

संकलकः खगराज गौतम

वासेदा युनिभर्सिटीमा सबैभन्दा बढी विदेशी विद्यार्थी

❑ नेस संवाददाता

टोकियो - जापानमा रहेका युनिभर्सिटीहरू मध्ये सबैभन्दा बढि बिदेशी बिद्यार्थीहरू वासेदा युनिभर्सिटीमा अध्ययनरत रहेको तथ्य हालै सार्बजनिक गरिएको छ । जापान बिद्यार्थी सहयोग नियोग (जास्सो) ले बिदेश जाने जापानी बिद्यार्थी तथा जापान आउने बिदेशी बिद्यार्थीहरूको बारेमा एक सर्बेक्षण गरी हालै सार्बजनिक गरेको हो । जसअनुसार सन् २०१७ मे १ तारिखसम्ममा सबैभन्दा बढि बिदेशी बिद्यार्थी भर्ना लिने युनिभर्सिटीमा वासेदा युनिभर्सिटी परेको हो ।

जास्सोले सार्बजनिक गरेको तथ्याङ्क अनुसार जापानबाट बिदेश जाने बिद्यार्थीको संख्या सन् २०१६ मा ९६ हजार ६ सय ४१ जना भएको र सो संख्या अघिल्लो बर्षको तुलनामा १२ हजार १ सय ८५ जनाले बृद्धि भएको छ । जापानी बिद्यार्थीहरू बिशेष गरी अमेरिका, अष्ट्रेलिया, क्यानडा लगायतका मुलुकमा अध्ययनको लागि जाने गरेका छन् ।

त्यसैगरी, जापान आउने बिदेशी बिद्यार्थीको संख्या सन् २०१७ मे १ तारिखका दिनसम्म २ लाख ६७ हजार ४२ जना पुगेको छ । उक्त संख्या अघिल्लो बर्षको तुलनामा २७ हजार ७ सय ५५ जना अर्थात ११ दशमलव ६ प्रतिशत बृद्धि भएको हो । जसमध्ये सबैभन्दा बढि चिनियाँ बिद्यार्थीहरू १ लाख ७ हजार २ सय ६० जना छन् भने त्यसपछि भियतनामी ६१ हजार ६ सय ७१ जना, नेपाली २१ हजार ५ सय जनाको क्रममा रहेका छन् ।

यसरी जापान आउने बिद्यार्थीहरू मध्ये सबैभन्दा बढि अर्थात ५ हजार ४२ जना वासेदा युनिभर्सिटीमा अध्ययनरत छन् । त्यसैगरी बिदेशी बिद्यार्थीहरूको संख्याको आधारमा दोश्रो स्थानमा टोकियो फुकुसी युनिभर्सिटी ३ हजार ७ सय ३३ जना र तेश्रोमा टोकियो युनिभर्सिटी ३ हजार ६ सय १८ जना रहेका छन् । त्यसैगरी चौथो देखि दशौं स्थानसम्ममा क्रमशः निहोन केजाइ युनिभर्सिटी २ हजार ९ सय ८३ जना, रिचुमेइकान आजिया ताइहेइयो युनिभर्सिटी २ हजार ८ सय ४ जना, चुकुबा युनिभर्सिटी २ हजार ४ सय २६ जना, ओसाका युनिभर्सिटी २ हजार २ सय ७३ जना, क्युस्यु युनिभर्सिटी २ हजार २ सय १ जना, रिचुमेइकान युनिभर्सिटी २ हजार १ सय ४१ जना र क्योटो युनिभर्सिटी २ हजार १ सय ३४ जना रहेका छन् । स्मरण रहोस जापान सरकारले सन् २०२० सम्ममा ३ लाख बिदेशी बिद्यार्थी भित्र्याउने लक्ष्य राखेको छ ।

आफ्नो थर राख्न नदिएको भन्दै सरकार विरुद्ध मुद्दा

❑ नेस संवाददाता

टोकियो - पारिवारिक दर्ता कानुनका कारण विवाहित जोडीलाई आफ्नो छुट्टै थर राख्न नदिएकोले मानसिक सन्तुलनमा असर पारेको भन्दै जापानमा मंगलबार चार जनाले सरकार विरुद्ध मुद्दा दायर गरेका छन् ।

टोकियोमा आधारित सफ्टवेयर विकासकर्ता साइबोज्यु इन्क कम्पनीका अध्यक्ष ४६ वर्षिय यासिइसा ओनो लगायतले टोकियो जिल्ला अदालतमा २२ लाख जापानी येनको क्षतिपूर्तिको माग दाबी गर्दै मुद्दा दायर गरेको जिजी प्रेसले जनाएको छ ।

सन् २०१५ मा सर्वोच्च अदालतले नागरिकको अधिकारका रूपमा विवाहित जोडीहरूलाई समान रूपमा आफ्नो थर प्रयोग गर्नका लागि संवैधानिक हकका रूपमा फैसला गरेको थियो ।

पछिल्लो पारिवारिक दर्ता नियम अनुसार विवाहित जोडीलाई आफ्नो चिनारीका लागि छनोट अनुसार थर प्रयोग गर्न अनुमति दिने व्यवस्था रहेको छ । जापानी र विदेशी नागरिकहरूका बिचमा विवाह हुँदा मुख्य गरेर दोहोरो थरका लागि माग दाबी गरिएको छ । सो कानुनमा आधारित रहेर जापानी नागरिकहरूले आफ्नो परिवारको थर प्रयोग गर्दै आइरहेका छन् ।

नक्कली रेसिडेन्ट कार्ड प्रयोग गर्ने भियतनामी पक्राउ

❑ नेस संवाददाता

टोकियो - नक्कली जापानी रेसिडेन्ट कार्ड अर्थात जाइर्‍यु कार्ड उपलब्ध गराउने र त्यसको प्रयोग गर्ने भियतनामी नागरिकहरूलाई जापान प्रहरीले पक्राउ गरेको छ । प्रहरीले २२ देखि ३० बर्षसम्मका ४ जनालाई जापानी अध्यागमन कानुन उल्लङ्घन गरेको अभियोगमा पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरूमा टोकियोको नेरिमाकु तथा कानागावा केनमा बस्ने कम्पनीका कामदार तथा बिद्यार्थीहरू भएको समाचारमा बताईएको छ । उनीहरू मध्ये एक जनाले जतिपनि काम गर्न मिल्ने खालको नक्कली रेसिडेन्ट कार्ड चीनबाट पठाउन लगाई यहाँ उपलब्ध गराएको प्रहरीको भनाई छ । केहि बर्ष अघिसम्म चिनियाँ नागरिकहरू यस किसिमको धन्दा गर्ने गर्दथे भने

आजकाल यस्ता काममा भियतनामीहरूको संलग्नता पाईएको जापान प्रहरीको भनाई छ । पछिल्लो समयमा नेपालीको संख्या पनि बृद्धि हुँदै जाँदा कतै नेपालीहरू पनि चिनियाँ वा भियतनामीको गलत संगतमा परी यस्तै खालका काममा लाग्ने त हैनन् भनि जापान प्रहरीले चिन्ता र चासो दिन थालेको पाईन्छ ।

जापानको जन्मदर गतवर्ष शताव्दी कै कम

❑ नेस संवाददाता

टोकियो - जापानको जनसंख्या वृद्धिदर सन् २०१७ मा शताब्दी कै सबैभन्दा कम हुन गई वर्षभरिमा जम्मा ९ लाख ४१ हजार बच्चाको जन्म भएको स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयले जनाएको छ । यो जन्मसंख्या गतवर्षको भन्दा ४ लाखले कमी हो ।

तथ्याङ्क संकलन गर्न थालेको १८९९ देखि यताकै सबैभन्दा कम जनसंख्या यसवर्षमा हुन गएको मन्त्रालयले जनाएको छ । बच्चाको जन्म दिने २५ देखि ३९ वर्ष उमेरका महिलाहरूको संख्या कम हुनु र विवाहप्रति महिलाहरूको आकर्षणमा कमिको कारण जनसंख्या घट्न गएको हुन सक्ने बताईएको छ ।

यसवर्ष मृत्यु हुनेको संख्या गतवर्षको भन्दा ३ प्रतिशतले बढ्न गई १३ लाख ४४ हजार पुगेको छ । सरकारले बच्चा जन्माउनका लागि प्रोत्साहन गरेपनि जन्मदर झन् घट्दै गएको छ ।

जन्मदर र मृत्युदरको अन्तर सन् २०१० मा एक लाख, २०११ मा २ लाख र २०१६ मा आईपुग्दा ३ लाख ३० हजार ७ सय ७० रहेको छ । सन् २०१७ मा आईपुग्दा यसको अन्तर फराकिलो हुन गई ४ लाख ३ हजार पुगेको छ ।

जापानको हालको जनसंख्या १२५ मिलियन अर्थात १२ करोढ ५० लाख रहेको छ । यसमा विदेशीहरूको संख्यालाई समावेश गरिएको छैन । यसमा ६५ वर्ष माथि उमेर समूहको जनसंख्या २७ दशमलव २ प्रतिशत रहेको छ भने १४ वर्षमुनिको उमेर समूहको जनसंख्या १२ दशमलव ७ प्रतिशत रहेको छ ।

काम गर्ने क्रममा मृत्यु हुने प्रशिक्षार्थी कामदार सरदर भन्दा बढी

❑ नेस संवाददाता

टोकियो - जापानमा कामको सिलसिलामा मृत्यु हुने बिदेशी प्रशिक्षार्थी कामदारहरूको संख्या सन् २०१४ देखि २०१६ सम्ममा २२ जना पुगेको निक्केइ अनलाइनले जनाएको छ । जसमध्ये धेरैजसो कामको क्रममा दुर्घटना भएर र १ जना बढि कामका कारण मृत्यु भएको बताईएको छ । जापानी श्रम मन्त्रालयले पहिलो पटक यस्तो तथ्याङ्क सार्बजनिक गरेको हो । रोसाइ होकेन लागु हुने यस्तो घटना ३ बर्षमा ४ सय ७५ वटा भएको तथ्याङ्क छ । बिदेशी प्रशिक्षार्थी कामदारहरूले गर्न मिल्ने कामहरू सीमित भएपनि यति धेरै संख्यामा दुर्घटना हुँदा तुलनात्मक रूपमा समग्र भन्दा प्रशिक्षार्थी कामदारको मृत्यु संख्या बढि रहेको छ ।

उक्त अवधिमा जापानी सहित जापानभरिमा २ हजार ९ सय ५७ जना कामको क्रममा मृत्यु भएको श्रम मन्त्रालयले जनाएको छ । उक्त संख्या जम्मा कामदार संख्या १६ करोड ९६ लाख ४० हजारको अनुपातमा हेर्दा प्रति एक लाख १ दशमलव ७ जनाको पर्न आउँछ । तर बिदेशी प्रशिक्षार्थी कामदारको कुल संख्या २ लाख २८ हजार ५ सय ८९ जनाको अनुपातमा हेर्दा प्रति एकलाख ३ दशमलव ७ जनाको मृत्यु भएको पाईन्छ । सो तथ्याङ्कको

आधारमा समग्र जापानको भन्दा प्रशिक्षार्थी कामदारको काममा मृत्यु हुनेको संख्या बढि रहेको पाईन्छ ।

बिदेशी प्रशिक्षार्थी कामदारहरूले कृषी, उत्पादन लगायत करीब ७० वटा क्षेत्रमा मात्र काम गर्ने भएपनि यो संख्या धेरै भएको बिश्लेषकहरू बताउँछन् । मानव अधिकारबादीहरूका अनुसार नयाँ ठाउँमा अर्थात बानी नपरेको स्थान, भाषा र सँस्कृतिको बिचमा काम गर्नुपर्दा बिदेशीहरूले समस्या भोग्नुपरेको हुन सक्ने बताईएको छ । साथै, काममा केहि समस्या हुँदा मुलुक फर्काइने घटनाहरू पनि सुन्नमा आएकोले श्रम मन्त्रालयको तथ्याङ्कमा नआएका घटनाहरू पनि हुनसक्ने समाचारमा जनाईएको छ ।

नेपाली समाचार पत्रिकाको पाठकलाई ...

प्रधानसम्पादक हुन् । जापानको सबै साना ठूला सहरमा रहेका नेपालीहरूबीच बितरण हुँदै आएको यस पत्रिकामा जापानका महत्वपूर्ण समाचारहरूका साथै नेपाली गतिबिधि र नेपालका मुलधारका समाचारहरू समेट्ने गरिएको पत्रिकाका सम्पादक भूषण घिमिरेले बताउनुभयो ।

नेपाली समाचारको सह प्रकाशनको रूपमा सन् २००६ देखि अनलाईन संस्करण समुद्रपारि डट कम प्रकाशनमा छ । बिशेषगरी जापानबासी नेपालीहरूलाई लक्षित गरी छापा हुँदै डिजिटल प्रकाशन, अनलाईन रेडियो र टेलिभिजन सामाग्री उत्पादन सम्मको यात्रामा थुप्रै आरोह अवरोह पार गर्दै सूचना र सञ्चारको सेवामा निरन्तर लागिपर्दै आएको प्रकाशक कम्पनीका अध्यक्ष समेत रहेका प्रधान सम्पादक तिलक मल्लले बताउनुभयो ।

विदेशमा आफ्नै भाषामा नियमित पत्रिका प्रकाशन कार्य अत्यन्त चुनौतीपूर्ण रहेको भएता पनि जापानबासी नेपाली पाठकहरूको न्यानो सहयोग र समर्थनका कारण सूचनाको सेवाका साथै प्रवासमा नेपाली भाषा, साहित्य, कला र सँस्कृतिको बिकास, बिस्तार र संबर्द्धनमा योगदान पुर्‍याउन सकिएको उहाँले बताउनुभयो ।

जापानको ब्यस्त दैनिकीलाई मध्यनजर राख्दै समसामयिक सटिक समाचार र सूचनामुलक जानकारी यस पत्रिकाको बिशेषता रहेको नेपाली समाचारमा कार्यरत ऋतुकुमार दुरा बताउनुहुन्छ । विष्णु सुबेदी 'निशान' वेभ तथा ग्राफिक्स डिजाइनर रहेको यस प्रकाशन टिमलाई केही ब्यवसायिक पत्रकारहरू रहेको नेपाल ब्यूरोले सघाउँदै आईरहेको छ ।

नेपाली र जापानी कलाकारको समिश्रण चौतारी साँझ

❑ नेस संवाददाता

टोकियो - नेपाल र जापानका कलाकारहरूको संयुक्त साँगीतिक प्रस्तुती रहेको चौतारी साँझ हालै टोकियोमा सम्पन्न भएको छ ।

कार्यक्रममा उनीहरूले नेपाली र जापानी गरी १४ भन्दा बढि लोकधुन प्रस्तुत गरेका थिए ।

साँस्कृतिक संस्थानको आयोजनामा भएको कार्यक्रममा लामो समयदेखि जापानमा बसेर बाँसुरी र तबलाका माध्यमबाट नेपाली गीतसंगीतको प्रवर्द्धनमा क्रियाशील चौतारी ब्याण्डका बाँसुरीवादक पञ्च लामा, तबलावादक श्रवण लामा र जापानी कलाकार तेराकादो मित्सिगुले लोकधुन प्रस्तुत गरेका हुन् ।

लामाद्वयले बाँसुरी र तबलाको धुन 'जर्नी थ्रु द लाइट' शीर्षकमा प्रस्तुति दिंदा मित्सिगुले गीतारमा साथ दिएका थिए । उक्त कार्यक्रममा 'टोकियो नाइट धुन' समेत प्रस्तुत गरिएको थियो ।

यस्तै 'द हिमालयन', 'लाम्बादा', 'डान्सिङ बर्ड', 'क्याराभान', 'वनचरी', 'ए कान्छा' लगायत शीर्षकका गीतमा तीनै कलाकारले लोकधुन प्रस्तुत गरेका थिए ।

नेपाली र जापानी संगीतलाई एकै थलोमा प्रस्तुत गर्न चौतारी साँझ आयोजना गरिएको संस्थानका महाप्रबन्धक राजेश थापाले बताए । चौतारी साँझबाट संकलित रकम सर्लाहीको हरिवन नगरपालिका- ५ स्थित चेतना सन्देश नेपालद्वारा सञ्चालित द्वन्द्वपीडित बालगृहका लागि प्रदान गरिने बताइएको छ ।

बलिउड स्टार हिमेश जापान आउने

❑ नेस संवाददाता

टोकियो – बलिउडका ख्यातीप्राप्त गायक एवं संगीतकार हिमेश रेशममिया एक साँगीतिक कार्यक्रमका लागि जापान आउने भएका छन् ।

बलिउड स्टार हिमेश ८ जनाको टोलीसहित टोकियोमा हुने एक साँगीतिक कार्यक्रमका लागि जापान आउन लागेका हुन् । उक्त कुरा टोकियोमा आइतवार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराईएको हो । गोल्डेन वीकको लामो बिदाको अवसर पारेर आगामी मे को ६ तारिखका दिन हिमेश लाईभ इन टोकियो हुन लागेको हो ।

सनराईज प्रोडक्शनले सक्सीस अब्रोड स्टडीजको सहकार्यमा उक्त कार्यक्रमको आयोजना गर्न गईरहेको सनराइज प्रोडक्शनका कार्यकारी प्रमुख रविन्द्र श्रेष्ठले जानकारी दिए । भारतीय चलचित्रको नेपाली बजारमा परेको प्रभावलाई ध्यानमा राख्दै बलिउडका सेलिब्रेटीहरूको लाइभ कार्यक्रममार्फत जापानका नेपालीहरूलाई मनोरञ्जनमा नयाँपन दिन खोजिएको श्रेष्ठले बताए ।

सक्सिस अब्रोड स्टडिजका प्रवन्ध निर्देशक भुवन हुँमागाईको सभापतित्वमा भएको पत्रकार सम्मेलनमा प्रमुख अतिथिको आसनबाट बोल्दै ब्यवसायी दिपक सुबेदीले मनोरञ्जनात्मक कार्यक्रमका अतिरिक्त अब जापानको नेपाली समुदायमा मोटीभेशनल कार्यक्रमहरूको पनि आवश्यक भईसकेको विचार ब्यक्त गरे । प्रमुख प्रायोजक कम्पनी दिप वेका प्रबन्ध निर्देशक समेत रहेका सुबेदीले कार्यक्रमलाई सफल पार्न आफ्नो तर्फबाट सक्दो सहयोग रहने प्रतिबद्धता जनाए ।

कार्यक्रममा बोल्दै पत्रकार महासंघ जापान शाखाका अध्यक्ष मोहन घलेले विगतमा पनि सफल कार्यक्रमहरू सम्पन्न गरिसकेको टिमले हिमेश लाइभ इन टोकियो आयोजना गर्ने उच्च साहसको सह्राना गर्दै सफल्ताको कामना गरे ।

यसैगरी पत्रकार महासंघ जापानका संस्थापक अध्यक्ष तिलक मल्लले लामो समयदेखि नेपाली समुदायबीच जापानको रंगमञ्चमा नेपाली कलाकारहरूको मात्र प्रस्तुती रहँदै आएकोमा भारतीय सेलिब्रेटीहरू आमन्त्रण गरेर आयोजक टिमले नयाँ अध्यायको सुरूवात गर्न लागेको बताए ।

एनआरएन आइसीसीका सदस्य एवं जेएमई प्रमुख ओम गुरूङले कार्यक्रम सभ्य र भब्य सफलताको कामना गरे ।

चिरपरिचित डिजे जोन छन्त्यालले जापानका नेपालीहरूले अब मनोरञ्जनमा पनि नयाँ टेष्ट खोज्ने गरेको पाईएकोले आयोजकले नयाँ इतिहाँस रच्नेमा आफु बिश्वस्त रहेको धारणा ब्यक्त गरे ।

सभापतिको आसनबाट बोल्दै भुवन हुँमागाईँले गीत र संगीतको कुनै सीमा नहुने भएकोले कहिलेकाँही बिदेशी कल्चरबाट पनि हामीले सिक्ने र मनोरञ्जन लिने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको बताए ।

टोकियोको कोदाइरा स्थित रूने कोदाइरा हलमा हुने सो कार्यक्रममा करीव २ हजार जना दर्शकको अपेक्षा गरिएको छ ।

सयौं चलचित्रका गीतहरूमा आवाज दिएका र संगीत भरेका हिमेश आफै नायक तथा निर्माता पनि हुन । बलिउडको दुनियाँमा बिगत दुईदशकदेखि हिमेशको दबदबा रहँदै आएको पत्रकार सम्मेलनमा जानकारी गराईएको थियो ।

टोकियोमा चेतन सापकोटा एकल साँझ

❑ नेस संवाददाता

टोकियो – प्रगतिशील गीत संगीतमार्फत जनतालाई सुसूचित गर्दै न्यायिक आन्दोलनमा सहभागिताका लागि निरन्तर जागरण पैदा गर्ने जनवादी गायक तथा वरिष्ठ संगीतकार चेतन सापकोटाले शनिबार टोकियोमा एकल साँझमार्फत आफ्नो प्रस्तुति दिएका छन् ।

नेपाली प्रवासी मञ्च जापान र नेपाली जनप्रगतिशील मञ्च, जापानको संयुक्त आयोजनामा भएको उक्त एकल साँझमा सापकोटाले क्रान्तिकारी तथा अन्य आफ्नो संगीतमा रहेका दर्जनौ चर्चित गीतहरू प्रस्तुत गरेर टोकियोबासी नेपालीहरूलाई भरपुर मनोरञ्जन दिलाएका थिए । चेतनको सशक्त साँगीतिक प्रस्तुतीमा दर्शकहरु झुमेका थिए ।

गीत संगीतमार्फत जनतामा सचेतना फैलाउन सहज र सरल हुने भएकाले आफूले यस माध्यमलाई रोजेको चेतनले सो अवसरमा बताए । गायक सापकोटाले यसअघि जापानका नागोया, ओसाका, फुकुओका लगायतका सहरमा पनि आफ्नो साँगीतिक प्रस्तुती दिईसकेका छन् ।